

स्थानीय सरकार

# कैलाश गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर

बागमती प्रदेश, नेपाल

# मध्यमकालीन खर्च संरचना

आर्थिक वर्ष २०८२/८३–२०८४/८५

गाउँ सभाबाट स्वीकृत मितिः २०८२ असार १० गते

www.kailashmun.gov.np info@kailashmun.gov.np

# विषयसूची


## परिच्छेद – १: परिचय 1

१.१ पृष्ठभूमि १

१.२ अवधारणा तथा उद्देश्य १

उद्देश्यहरू २

१.३ कानूनी तथा संस्थागत व्यवस्था २

१.३.१ संस्थागत व्यवस्था ३

१.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ३

१.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल ३

१.३.४ विषयगत योजना तर्जुमा समितिहरू ४

१.३.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति ४

१.४ तर्जुमा प्रक्रिया ५

१.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण ५

## परिच्छेद – २: मध्यमकालीन खर्च संरचना ७

२.१ पृष्ठभूमि ७

२.२ सोच, उद्देश्य तथा रणनीति ७

२.३ मध्यमकालीन आर्थिक खाका ८

२.४ मध्यमकालीन नतिजा खाका ८

२.५ मध्यमकालीन बजेट खाका ११

२.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट १२

२.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण १२

२.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

२.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

२.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५

२.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६

२.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १७

## परिच्छेद — ३: आर्थिक क्षेत्र १९

३.१ कृषि, मत्स्य, पशुपंक्षी तथा जडीबुटी १९

३.१.१ पृष्ठभूमि १९

३.१.२ समस्या तथा चुनौती १९

३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य १९

३.१.४ रणनीति २०

३.१.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य २०

३.१.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान २१

३.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण २१

३.२ पशुपंक्षी विकास तथा मत्स्यपालन २२

३.२.१ पृष्ठभूमि २२

३.२.२ समस्या तथा चुनौती २२

३.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य २२

३.२.४ रणनीति २३

३.२.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य २३

३.२.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान २३

३.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण २४

३.२.८ जोखिम पक्ष तथा अनुमान २४

**३.३ उद्योग, वाणिज्य, खानी, खनिज, तथा आपूर्ति २५**

३.३.१ पृष्ठभूमि २५

३.३.२ समस्या तथा चुनौती २५

३.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य २५

३.३.४ रणनीति २५

३.३.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य २६

३.३.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान २६

३.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण २७

३.३.८ जोखिम पक्ष तथा अनुमान २७

**३.४ सिँचाई २७**

३.४.१ पृष्ठभूमि २७

३.४.२ समस्या तथा चुनौती २७

३.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य २७

३.४.४ रणनीति २८

३.४.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य २८

३.४.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान २८

३.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण २९

३.४.८ जोखिम पक्ष तथा अनुमान २९

**३.५ पर्यटन तथा सँस्कृति २९**

३.५.१ पृष्ठभूमि २९

३.५.२ समस्या तथा चुनौती २९

३.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य २९

३.५.४ रणनीति ३०

३.५.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ३०

३.५.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ३०

३.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ३१

३.५.८ जोखिम पक्ष तथा अनुमान ३१

**३.६ भूमि व्यवस्थापन (भू-उपयोग) ३१**

३.६.१ पृष्ठभूमि ३१

३.६.२ समस्या तथा चुनौती ३१

३.६.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ३२
३.६.४ रणनीति ३२
३.६.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ३२
३.६.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ३२
३.६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ३३
३.६.८ जोखिम पक्ष तथा अनुमान ३३
३.७ सहकारी ३३
३.७.१ पृष्ठभूमि ३३
३.७.२ समस्या तथा चुनौती ३३
३.७.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ३३
३.७.४ रणनीति ३४
३.७.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ३४
३.७.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ३४
३.७.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ३५
३.७.८ जोखिम पक्ष तथा अनुमान ३५
३.८ श्रम, रोजगार तथा गरीबी निवारण ३५
३.८.१ पृष्ठभूमि ३५
३.८.२ समस्या तथा चुनौती ३५
३.८.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ३६
३.८.४ रणनीति ३६
३.८.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ३६
३.८.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ३६
३.८.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ३७
३.८.८ जोखिम पक्ष तथा अनुमान ३७
परिच्छेद - ४: सामाजिक क्षेत्र ३८
४.१ शिक्षा, विज्ञान तथा प्रविधि ३८
४.१.१ पृष्ठभूमि ३८
४.१.२ समस्या तथा चुनौती ३८
४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ३८
४.१.४ रणनीति ३९
४.१.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ३९
४.१.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ४०
४.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ४०
४.१.८ जोखिम पक्ष तथा अनुमान ४१
४.२ स्वास्थ्य ४२
४.२.१ पृष्ठभूमी ४२
४.२.२ समस्या तथा चुनौती ४२
४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४२

४.२.४ रणनीति ४३
४.२.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ४३
४.२.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ४४
४.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ४४
४.२.८ जोखिम पक्ष तथा अनुमान ४५
४.३ संस्कृति, भाषा, कला तथा साहित्य ४६
४.३.१ पृष्ठभूमि ४६
४.३.२ समस्या तथा चुनौती ४६
४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४६
४.३.४ रणनीति ४६
४.३.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ४६
४.३.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ४७
४.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ४७
४.३.८ जोखिम पक्ष तथा अनुमान ४८
४.५ महिला, बालबलिका तथा लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण ४८
४.५.१ पृष्ठभूमि ४८
४.५.२ समस्या तथा चुनौती ४८
४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४८
४.५.४ रणनीति ४९
४.५.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ४९
४.५.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ४९
४.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ५०
४.५.८ जोखिम पक्ष तथा अनुमान ५१
४.५ खेलकुद तथा मनोरञ्जन ५१
४.५.१ पृष्ठभूमि ५१
४.५.२ समस्या तथा चुनौती ५१
४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५१
४.५.४ रणनीति ५१
४.५.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ५२
४.५.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ५२
४.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ५२
४.५.८ जोखिम पक्ष तथा अनुमान ५३
परिच्छेद - ५: पूर्वाधार विकास ५४
५.१ खानेपानी तथा सरसफाई ५४
५.१.१ पृष्ठभूमि ५४
५.१.२ समस्या तथा चुनौती ५४
५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५४
५.१.४ रणनीति ५४

५.१.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ५५
५.१.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ५५
५.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ५५
५.१.८ जोखिम पक्ष तथा अनुमान ५६
**५.२ सिँचाई ५६**
५.२.१ पृष्ठभूमि ५६
५.२.२ समस्या तथा चुनौती ५६
५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५७
५.२.४ रणनीति ५७
५.२.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ५७
५.२.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ५८
५.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ५८
५.२.८ जोखिम पक्ष तथा अनुमान ५८
**५.३ सडक तथा यातायात ५८**
५.३.१ पृष्ठभूमि ५८
५.३.२ समस्या तथा चुनौती ५९
५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५९
५.३.४ रणनीति ५९
५.३.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ५९
५.३.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ६०
५.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ६०
५.३.८ जोखिम पक्ष तथा अनुमान ६१
**५.४ आवास, भवन तथा वस्ती विकास ६१**
५.४.१ पृष्ठभूमी ६१
५.४.२ समस्या तथा चुनौती ६१
५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६१
५.४.४ रणनीति ६२
५.४.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ६२
५.४.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ६२
५.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ६३
५.४.८ जोखिम पक्ष तथा अनुमान ६३
**५.५ सूचना तथा सञ्चार ६३**
५.५.१ पृष्ठभूमी ६३
५.५.२ समस्या तथा चुनौती ६३
५.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६४
५.५.४ रणनीति ६४
५.५.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ६४
५.५.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ६५

५.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ६५
५.५.८ जोखिम पक्ष तथा अनुमान ६५
परिच्छेद - ६: वातावरण तथा विपद् व्यवस्थापन ६६
६.१ वातावरण तथा विपद् व्यवस्थापन ६६
६.१.१ पृष्ठभूमी ६६
६.१.२ समस्या तथा चुनौती ६६
६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६६
६.१.४ रणनीति ६६
६.१.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ६७
६.१.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ६७
६.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ६७
६.१.८ जोखिम पक्ष तथा अनुमान ६८
परिच्छेद - ७: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन ६९
७.१ सुशासन तथा सेवा प्रवाह ६९
७.१.१ पृष्ठभूमि ६९
७.१.२ समस्या तथा चुनौती ६९
७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ६९
७.१.४ रणनीति ६९
७.१.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य ७०
७.१.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान ७०
७.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ७०
७.१.८ जोखिम पक्ष तथा अनुमान ७१

# तालिका सूची

तालिका नं. १ः स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका ८
तालिका नं. २ः समष्टिगत मध्यमकालीन नतिजा खाका ९
तालिका नं. ३ः त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (रू. हजारमा) १२
तालिका नं. ४ः रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण १४
तालिका नं. ५ः प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५
तालिका नं. ६ः दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५
तालिका नं. ७ः लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६
तालिका नं. ८ः जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६

# परिच्छेद – १: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना आवधिक योजना र सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेट बीच तादाम्यता कायम गराउने हुँदा यसलाई योजना र बजेटबीचको सेतुको रुपमा समेत परिभाषित गरिन्छ । यसले प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनमा स्रोत विनियोजनको सुनिश्चितता गर्दछ । कार्यान्वयन ईकाइलाई जिम्मेवार र जवाफदेही बनाउने हुँदा वित्तीय अनुशासन कायम गर्न मद्दत गर्छ । सीमित स्रोत साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च प्रणालीको स्थापना, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना अत्यन्तै महत्वपूर्ण हुन्छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी दायित्व उल्लेख रहेको छ । उल्लिखित कानूनी दायित्व पूरा गर्न तथा कैलाश गाउँपालिकाले आफ्नो आर्थिक प्रणालीलाई मितव्ययी, पारदर्शी बनाउँदै विकासका आयोजनालाई वस्तुगत आधारमा प्राथमिकिकरण गर्न यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो ।

यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन र आवधिक योजना, दिगो विकासका लक्ष्य तथा कैलाश गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना लाई मध्यनजर गरिएको छ । कैलाश गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्ग निर्देशक दस्तावेजको रुपमा लिइएको छ।

## १.२ अवधारणा तथा उद्देश्य

सीमित स्रोत र साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना तर्जुमा अत्यन्तै महत्वपूर्ण हुन्छ । यसले स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गर्न मद्दत गर्छ । मध्यमकालीन खर्च संरचना तयार गर्दा स्रोत अनुमानतर्फ आन्तरिक राजस्व, संघीय र प्रादेशिक सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने राजस्व बाँडफाँट र अनुदानको आँकलन गरिएको छ । समष्टिगत स्रोतको आँकलन गरी विषय क्षेत्रगत नीति, कार्यक्रम र प्राथमिकताको आधारमा खर्चको अनुमान सहितको त्रिवर्षीय बजेट खाका समेत निर्माण गरिएको छ । कार्यक्रम/आयोजनालाई नतिजा तथा प्रतिफलमा आधारित बनाउनका लागि मध्यमकालीन नतिजा खाका समेत समावेश गरिएको छ । समष्टिगत आर्थिक स्थायित्व, वित्तीय सुशासन

र नतिजामूलक विकास व्यवस्थापन मार्फत विकासको प्रतिफल सबै गाउँपालिकाबासीलाई समतामूलक तवरले वितरण गर्न सार्वजनिक स्रोतको अनुमान, विनियोजन र कार्यान्वयनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास गरिएको छ । यसमा चालु आर्थिक वर्षको यथार्थ विनियोजन र आगामी दुई आर्थिक वर्षको स्रोत अनुमान समावेश गरिएको छ ।

### उद्देश्यहरू

मध्यमकालीन खर्च संरचना तर्जुमाको उद्देश्य आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेटबीच तादम्यता कायम गरी सीमित स्रोत साधनको महत्तम उपयोग गर्नु, स्थानीय सरकारको विनियोजन कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासन प्रभावकारी बनाउदै आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम गर्नु हो । यसका अन्य उद्देश्य देहाय अनुसार रहेका छन्ः

१. नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम गरी श्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

२. गाउँपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण आदिको वास्तविक अनुमान सहित यथार्थमा आधारित बजेट खाका तर्जुमा गर्नु,

३. सार्वजनिक खर्चलाई बढी प्रभाकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु,

४. तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन गर्ने सबै निकायलाई जिम्मेवार र जवाफदेही बनाउनु ।

## १.३ कानूनी तथा संस्थागत व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । दफा १७ को उपदफा (२) मा मध्यमकालीन खर्च संरचना तयार गर्दा देहाय अनुसारको विवरण खुलाउनु पर्ने व्यवस्था रहेको छ।

१. प्रस्तावित योजनाको उद्देश्य,

२. योजनाको लागि सम्भाव्यता अध्ययन गर्न र खर्च छुट्याउन आवश्यकताको पुष्टयाइँ,

३. योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछि दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,

४. योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

५. खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,

६. प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँग तादाम्यता,

७. सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको,

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको समेत स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने हुँदा सबै नगरपालिका तथा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना बनाउनु आवश्यक छ ।

### १.३.१ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबिच तादम्यता कायम गर्ने औजार भएकाले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ :-

### १.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :-

(क) पालिकाको आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्न ।

(ख) प्रक्षेपण गरिएको कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको बजेट सीमा निर्धारण गर्न ।

(ग) कार्यक्रम तथा आयोजनाहरु छनौट गरी प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्न ।

(घ) बजेट सीमा स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्न ।

(ङ) गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्न ।

### १.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल

गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तयारीका लागि देहाय बमोजिमको एक कार्यदल रहन्छ । सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाईगत लागत आँकलन, शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयारी तथा समन्वय र सहजीकरण गर्दछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विषयगत शाखा प्रमुखहरू - सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य सचिव

मध्यमकालीन खर्च संरचना तयारी गर्दा कार्यदलले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

### १.३.४ विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शन भित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुनः प्राथमिकिकरण गरी पेश गर्ने कार्य विषयगत समितिले गर्दछन् । यसका अलावा मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिले देहाय बमोजिमका कार्यहरू सम्पादन गरी मध्यमकालिन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :-

१. गाउँपालिकाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्न ।

२. कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरणको आधार तयार गर्न ।

३. प्राथिमकता निर्धारण गरिएका कार्यक्रम तथा आयोजनाहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न ।

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका निर्धारित आधार, प्रक्रिया एवम् प्राप्त बजेट सीमा र मार्गदर्शन अनुसार बजेट, कार्यक्रम तथा आयोजना प्रस्ताव भए नभएको यकिन गर्न ।

(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्न ।

(ग) विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई अन्तिम रुप दिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न ।

### १.३.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिबाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ । मध्यमकालिन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ ।

(क) मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एकिन गर्न,

(ख) पालिकाको आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकीन गर्न,

(ग) गत वर्षहरुको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी पालिकाको आर्थिक खाका तयार गर्न,

(घ) आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोतपुस्तिका लगायतका आधारमा तय भएको त्रिवर्षिय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्न,

(ङ) आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्न,

(च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्न ।

## १.४ तर्जुमा प्रक्रिया

### १.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण

वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिकाको अवलम्बन गरिएको छ :

| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | फागुन मसान्त | कार्यदल |
| योजना तथा कार्यक्रमको समीक्षा एवम् स्थानीय आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन | बैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट |
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५गते भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ ५ गते भित्र | कार्यदल/विषयगत समिति |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |

| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
| --- | --- | --- |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेटमा प्रविष्टि | असार मसान्तभित्र | योजना शाखा |

यसैबिच देहायका चरणहरु पुरा गरी कैलाश गाउँपालिका कालिकाटारको मध्यमकालिन खर्च संरचना तयारी गरिएको छ ।



# परिच्छेद – २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

स्थानीय सरकारले तर्जुमा गरेको आवधिक योजना, कुशलतापूर्वक विनियोजन गरिएको सार्वजनिक खर्च र प्रभावकारी कार्यान्वयनले राष्ट्रिय र प्रादेशिक स्तरमा तय गरिएका दीर्घकालीन र आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउँछ ।नेपाल सरकारको सोह्रौं आवधिक योजना (२०८१/८२ – २०८५/८६) तथा बागमती प्रदेशको दोश्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) ले तय गरेका सोचहरु क्रमशः "समृद्ध नेपाल सुखी नेपाली" र "सुसंस्कृत र सूखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश" को सोचलाई यथार्थमा परिणत गराउन कैलाश गाउँपालिकाले **"प्राकृतिक श्रोत, कृषि, पर्यटन र पूवार्धारः सुखी र समृद्ध कैलाश निर्माणको आधार"** को सोच सहित आवधिक योजना (२०८०/८१- २०८४/८५) तर्जुमा गरेको छ । त्यसैगरी उपलब्ध स्रोतको कुशल, मितव्ययी र प्रभावकारी व्यवस्थापनबाट आवधिक योजनाले पहिचान गरेको प्रमुख कार्यक्रम र सूचक हासिल गर्न मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) तयार गरिएको छ ।

गाउँपालिकाले चालू आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने गरी तयार गरेको मध्यमकालीन खर्च संरचनामा राष्ट्रिय र प्रादेशिक योजना, दिगो विकास लक्ष्य र आवधिक योजनाको समष्टिगत तथा क्षेत्रगत सोच, उद्देश्य र रणनीतिमा आधारित उपलब्धि सूचक तयार गरिएको छ। आन्तरिक र बाह्य स्रोतको अनुमानमा आधारित रही आगामी तीन वर्षको आर्थिक, बजेट र नतिजा खाका तयार गरिएको छ। आवधिक योजनाको रणनीति, प्राथमिकता प्राप्त आयोजना/कार्यक्रम, दिगो विकास लक्ष्य, लैंगिक र जलवायु संकेत, स्थानीय गौरवका आयोजना तथा विषयगत क्षेत्रका आधारमा आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

| दीर्घकालीन सोच |
|---|
| "स्वच्छ, शिक्षित एवं सम्वृद्धि कैलाशः कृषि, पर्यटन र पूर्वाधारको योजनावद्ध विकास" |
| **लक्ष्य** |
| कृषिमा व्यवसायीकरण, प्राकृतिक स्रोतको अधिकतम उपयोग, संस्कृति र पर्यटन प्रवर्द्धन, गुणस्तरिय शिक्षा र स्वास्थ्य पहुँच विस्तार, खेलकुद विकास, समतामूलक समाज निर्माण, दिगो पूर्वाधार विकास, जैविक विविधता संरक्षण र सूचना प्रविधिमार्फत सेवा प्रवाह सुदृढ गर्दै समृद्ध कैलाश निर्माणको आधारशिला तयार गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्नु,<br>✓ कृषि र उत्पादनशील क्षेत्रको परिचालन गरी आर्थिक विकासको आधार तयार गर्नु,<br>✓ गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी सेवामा सर्वसुलभ पहुँच सुनिश्चित गर्नु,<br>✓ पर्यटन प्रवर्द्धन र आवश्यक पूर्वाधार विकासलाई प्राथमिकता दिनु,<br>✓ वातावरण संरक्षण, विपद् व्यवस्थापन र जलवायु परिवर्तनको असर न्यूनीकरण गर्नु, |

✓ सामाजिक न्याय र सुशासन स्थापित गरी समृद्धि हासिल गर्नु।

| प्रमुख रणनीतिहरु |
|---|
| ▪ दिगो विकासका लक्ष्यहरु हासिल गर्ने । |
| ▪ दिगो र भरपर्दो भौतिक पूर्वाधारको विकास गर्ने । |
| ▪ गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य र स्वच्छ खानेपानीको सेवा सुनिश्चित गर्ने । |
| ▪ हरित अर्थतन्त्रमा आधारित उत्पादन र उत्पादकत्व वृद्धि गर्न औद्योगिकिरण गर्ने । |
| ▪ प्राकृतिक स्रोत, सम्पदाको संरक्षण पहिचान र परिचालन गर्ने । |
| ▪ सार्वजनिक सेवाको गुणस्तर सुधार तथा सबै पालिकावासीको सहज पहुँच कार्यम गर्ने। |

## २.३ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प र बागमती प्रदेशको "सुसंस्कृत र सूखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश" र कैलाश गाउँपालिकाको सोच तथा लक्ष्य अनुरूप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार आर्थिक खाका तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १: स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका

| क्र.सं. | सूचक | एकाई | २०८१/८२ को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १. | **वार्षिक उत्पादन** | रू. लाखमा | ६५ | १०५ | ११० | १२५ |
| १.१ | कृषि क्षेत्रको उत्पादन/आय | रू. लाखमा | ३३ | ५० | ५५ | ५८ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रू. लाखमा | ३० | ५० | ५५ | ६० |
| २. | औषत पारिवारिक आय | रू. लाखमा | ३ | ३.५ | ४ | ४.५ |
| ३. | उद्योग, व्यापार र व्यवसाय | संख्या | ११५ | २५० | ३०० | ३५० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | १०० | १५० | २०० | २५० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७० | ७३ | ७५ | ८० |
| ६ | बेरोजगारी दर | प्रतिशत | २६.६ | २५ | २३ | २० |

## २.४ मध्यमकालीन नतिजा खाका

संघीय सरकारको सोह्रौं आवधिक योजना, बागमती प्रदेशको दोश्रो पञ्चवर्षीय योजना तथा कैलाश गाउँपालिकाको आवधिक योजना जस्ता आधारभूत र मार्गनिर्देशक दस्तावेजलाई आधार मानी गाउँपालिकाको मध्यमकालीन नतिजा

सूचक तयार गरिएको छ । यस अन्तर्गत आर्थिक वर्ष २०८२/८३ को वास्तविक उपलब्धि र २०८३/८४ — २०८४/८५ को अनुमानित उपलब्धि सहित आगामी तीन आर्थिक वर्षको गन्तव्य तय गरिएको छ ।

**तालिका नं. २: समष्टिगत मध्यमकालीन नतिजा खाका**

| क्र.सं. | सूचक | इकाई | २०८१/८२ को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| १. | प्रतिव्यक्ति खाद्यान्न उत्पादन | के.जी | १.५ | १.७ | १.९ | २ |
| २. | आफ्नो आयको दुई तहाइभन्दा बढी खाना खर्च गर्ने जनसंख्या | प्रतिशत | ७० | ६९ | ६७ | ६५ |
| ३. | आफ्नो उत्पादन र वर्षाभरी खानपुग्ने परिवार | प्रतिशत | ७० | ७३ | ७५ | ८० |
| ४. | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध जमीन | प्रतिशत | ५९ | ६२ | ६५ | ७० |
| ५. | साक्षरता दर | प्रतिशत | ६७.८ | ६८ | ७० | ७२ |
| ६. | आधरभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९६.४ | ९८ | १०० | १०० |
| ७. | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ४०.१ | ५० | ६५ | ८० |
| ८. | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ४७ | ६० | ६५ | ७० |
| ९. | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० |
| १०. | कुपोषण दर | संख्या | ७४ | ६५ | ४५ | ३० |
| ११. | आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ६० | ६५ | ७५ | ८० |
| १२. | जीवनमा शारिरीक तथा यौन हिंसा भोगेका महिला | प्रतिशत | ०.२ | ०.१ | ० | ० |
| १३. | विषयगत समितिमा मिहिला प्रतिनिधित्व | प्रतिशत | ३३ | ३५ | ३७ | ४० |
| १४. | भवनसंहिता अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ०.५ | १ | ५ | १० |
| १५. | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | १५ | २० | २५ | ३० |
| १६. | स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार | संख्या | ९७ | ९८ | १०० | १०० |
| १७. | इन्टरनेटमा पहुँच भएका जनसंख्या | संख्या | १० | २० | ३० | ५० |
| १८. | हरियाली क्षेत्र | संख्या | ६३ | ६४ | ६५ | ६८ |
| १९. | गाउँपालिकाको सेवाबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ९० | ९२ | ९२.५ | ९३ |

| क्र.सं. | सूचक | इकाई | २०८१/८२ को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| २०. | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | १.५ | १.५ | २ | ३ |
| २१. | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यामबाट रिपोर्टिङ गर्ने वडाहरू | प्रतिशत | १०० | १०० | १०० | १०० |
| २२. | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ९० | ९२ | ९५ | १०० |
| २३. | निर्धारित ढाँचामा त्रैमासिरुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा | प्रतिशत | ८० | १०० | १०० | १०० |

## २.५ मध्यमकालीन बजेट खाका

कैलाश गाउँपालिकाको आन्तरिक स्रोत, तहगत सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायतका स्रोत समेटी गाँउपालिकाले आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने बजेटलाई तलको तालिका नं ३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (रू. हजारमा)

| विवरण | आ.व. २०८०/८१ को यथार्थ | चालू आ.व. २०८१/८२ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण |
| बजेट अनुमान | ४८५९७५ | ५१६६४० | ५४९२४६ | ५६१५११ | ५८६७७९ |
| चालु खर्च | १११०५० | ३२२२६६ | ३३२०२० | ३४२१५२ | ३५७५४८ |
| पुँजीगत खर्च | ३७४९२५ | १९४३७४ | २१७२२६ | २१९३६० | २२९२३१ |
| **आय अनुमान** | | | | | |
| आन्तरिक आय | ३५०० | ३४४२५ | ८५६६ | ८९३० | ९३३२ |
| राजस्व बाँडफाँट बाट प्राप्त रकम | १२१३१७ | १३०७३६ | १३४३२२ | १४००३१ | १४६३३२ |
| क. नेपाल सरकार | ९९३१६ | १०५४०० | ९६७०० | १००८१० | १०५३४६ |
| ख. प्रदेश सरकार | २२००१ | २५३३६ | ३७६२२ | ३९२२१ | ४०९८६ |
| नेपाल सरकार वित्तीय हस्तान्तरण | २८३२०० | २७५४३६ | ३२५००० | ३३८८१३ | ३५४०५९ |
| क. वित्तीय समानीकरण अनुदान | ८९२०० | ९०४०० | ९८३०० | १०२४७८ | १०७०८९ |
| ख. सशर्त अनुदान (चालु, पुँजीगत) | १८१००० | १७८५३६ | १९३४०० | २०१६२० | २१०६९२ |
| ग. विशेष अनुदान | ५००० | ० | ७५०० | ७८१९ | ८१७१ |

| विवरण | आ.व. २०८०/८१ को यथार्थ | चालू आ.व. २०८१/८२ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण |
| घ. समपुरक अनुदान | ८००० | ६५०० | २५८०० | २६८९७ | २८१०७ |
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ६५२५८ | ६३२९२ | ५५५९६ | ५७९५९ | ६०५६७ |
| क. वित्तीय समानीकरण अनुदान | ८५४० | ८४३२ | ९०५२ | ९४३७ | ९८६१ |
| ख. सशर्त अनुदान (चालु, पुँजीगत) | २१७१८ | २९५६० | १३४४४ | १४०१५ | १४६४६ |
| ग. विशेष अनुदान | १०००० | ५३०० | ६५०० | ६७७६ | ७०८१ |
| घ. समपुरक अनुदान | २५००० | २०००० | २६६०० | २७७३१ | २८९७८ |
| अन्तर स्थानीय तह साझेदारी रकम | | | | | |
| मौजदात रकम (अल्या) | | १२७५० | २५७६२ | १५७७८ | १६४८८ |
| बचत (—) न्यून ( ं) | | | | | |

## २.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको लागि विभिन्न आयामबाट गरिएको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४: रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | आगामी आ.व. २०८२/८३ को अनुमान | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक विकास | ४५४६४००० | ८.२८% | २८९४३९७० | ५.१५ | ३०२४६४४८.६५ | ५.१५ |
| २ | सामाजिक विकास | २३८६९४८३० | ४३.४६% | २४४९४९९७० | ४३.६२ | २५५९७२७१८.७ | ४३.६२ |
| ३ | पूर्वाधार विकास | १५३८२६००० | २८.०१% | १७१३८७००० | ३०.५२ | १७९०९९४१५ | ३०.५२ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ४३००००० | ०.७८% | ४४८२७५० | ०.८० | ४६८४४७३.७५ | ०.८० |
| ५ | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | १०६९६१७३४ | १९.४७% | १११७४७७६४ | १९.९० | ११६७७६४१३.६ | १९.९० |
| कुल जम्मा | | ५४९२४६५६४ | १०० | ५६१५११४५४ | १०० | ५८६७७९४७० | १०० |

## २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकिकरण तथा सांकेतिकरणको आधारमा गाउँपालिकाले छनौट गरेका आयोजनाको प्राथकिताक्रम अनुसार बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकता क्रम | आयोजना संख्या | आ.व. २०८२/८३ को खर्च अनुमान | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो | ४० | ३२९५४७९३८ | ५६% | ३१४४४६४१४ | ५६% | ३२८५९६५०३ | ५६% |
| दोस्रो | ३० | २१९६९८६२६ | ४४% | २४७०६५०४० | ४४% | २५८१८२९६७ | ४४% |
| कुल जम्मा | | ५४९२४६५६४ | १००% | ५६१५११४५४ | १००% | ५८६७७९४७० | १००% |

## २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

क्षेत्र र उपक्षेत्रमा विनियोजित बजेटले दिगो विकास लक्ष्य प्राप्तिमा गर्ने योगदानलाई लक्ष्यगत तवरबाट देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | दिगो विकास लक्ष्य | आ.व. २०८२/८३ को अनुमान | | आगामी आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | रकम | प्रतिशत | रकम |
| १ | गरिबीको अन्त्य | १६४७७३९.६९२ | ०.३ | १६८४५३४.३६२ | ०.३ | १७६०३३८.४१ | ०.३ |
| २ | शून्य भोकमरी | १०४३५६८४.७२ | १.९ | १०६६८७१७.६३ | १.९ | १११४८८०९.९३ | १.९ |
| ३ | स्वस्थ जीवन | ८२४४१९०९.२६ | १५.०१ | ८४२८२८६९.२५ | १५.०१ | ८८०७५५९८.४५ | १५.०१ |

| संकेत नं. | दिगो विकास लक्ष्य | आ.व. २०८२/८३ को अनुमान | | आगामी आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | रकम | प्रतिशत | रकम |
| ४ | गुणस्तरीय शिक्षा | १४८२९६५७२.३ | २७ | १५१६०८०९२.६ | २७ | १५८४३०४५६.९ | २७ |
| ५ | लैङ्गिक समानता | ७६८९४५१.८९६ | १.४ | ७८६११६०.३५६ | १.४ | ८२१४९१२.५८ | १.४ |
| ६ | स्वच्छ पानी र सरसफाई | १८१२५१३.६६१ | ०.३३ | १८५२९८७.७९८ | ०.३३ | १९३६३७२.२५१ | ०.३३ |
| ७ | दिगो र आधुनिक उर्जामा पहुँच | १०७१०३०८ | १.९५ | १०९४९४७३.३५ | १.९५ | ११४४२१९९.६७ | १.९५ |
| ८ | समावेशी र दिगो आर्थिक वृद्धि र मर्यादित काम | ८४५८३९७.०८६ | १.५४ | ८६४७२७६.३९२ | १.५४ | ९०३६४०३.८३८ | १.५४ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | २४७१६०९५३.८ | ४५ | २५२६८०१५४.३ | ४५ | २६४०५०७६१.५ | ४५ |
| १० | असमानता न्यूनीकरण | ४९४३२१९.०७६ | ०.९ | ५०५३६०३.०८६ | ०.९ | ५२८१०१५.२३ | ०.९ |
| ११ | दिगो शहर र बस्तीहरु | ७६८९४५१.८९६ | १.४ | ७८६११६०.३५६ | १.४ | ८२१४९१२.५८ | १.४ |
| १२ | दिगो उपभोग र उत्पादन | २९६५९३१.४४६ | ०.५४ | ३०३२१६१.८५२ | ०.५४ | ३१६८६०९.१३८ | ०.५४ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ५४९२४६५.६४ | १ | ५६१५११४.५४ | १ | ५८६७७९४.७ | १ |
| १४ | सामुन्द्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० |
| १५ | भूसतह स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० |
| १६ | शान्ति, न्याय र सबल संस्था | १२६३२६७.०९७ | ०.२३ | १२९१४७६.३४४ | ०.२३ | १३४९५९२.७८१ | ०.२३ |
| १७ | दिगो विकासका लागि साझेदारी | ८२३८६९८.४६ | १.५ | ८४२२६७१.८१ | १.५ | ८८०१६९२.०५ | १.५ |
| | **कुल जम्मा** | ५४९२४६५६४ | १००।०० | ५६१५११४५४ | १००।०० | ५८६७७९४७० | १००।०० |

## २.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

छनौट गरिएका आयोजना/कार्यक्रमको कार्यान्वयनबाट लैंगिक समानता कायम गर्न पुऱ्याउने योगदानको आधारमा आगामी तीन आर्थिक वर्षको लागि गरिएको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७: लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू हजारमा)

| लैंगिक संकेत | आ.व. २०८२/८३ को अनुमान | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लाभ | ८२३५००० | १.४ | १५२३५००० | २.७ | १५२३५००० | २.६ |
| अप्रत्यक्ष लाभ | २१९४२४००० | ३७.४ | ३१९४२४००० | ५६.९ | ३१९४२४००० | ५४.४ |
| तटस्थ | ३५९१२०४७० | ६१.२ | २२६८५२४५४ | ४०.४ | २५२१२०४७० | ४३.० |
| जम्मा | ५४९२४६५६४ | १०० | ५६१५११४५४ | १०० | ५८६७७९४७० | १०० |

## २.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु परिवर्तनबाट सिर्जित असर र प्रभाव न्यूनीकरण तथा परिवर्तन अनुकूलका समायोजनामा सघाउने विशेषतायुक्त आयोजना/कार्यक्रमको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. ८: जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | जलवायु परिवर्तन संकेत | आ.व. २०८२/८३ को अनुमान | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष लाभ | ४३००००० | १ | ६०००००० | १ | ५२००००० | १ |
| | अप्रत्यक्ष लाभ | १९४५०००० | ४ | ३५०००००० | ६ | ३०००००००० | ५ |
| | तटस्थ | ५२५४९६५६४ | ९६ | ५२०५११४५४ | ९३ | ५५१५७९४७० | ९४ |
| | जम्मा | ५४९२४६५६४ | १०० | ५६१५११४५४ | १०० | ५८६७७९४७० | १०० |

## २.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रू. हजारमा)

| क.स | उपक्षेत्र | कार्यक्रम तथा आयोजना | आ.व. २०८२/८३ को व्यय अनुमान | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|
| १ | सडक पूर्वाधार | मनहरी भार्ता अल्छेकप्सेरी पकनी डाँडावास सडक आयोजना | ४६५०० | ५०००० | ५५००० |
| २ | | हेटौडा चुनिया नामटार भार्ता डाडाँ खर्क कैलाश बैकुण्ठ आदमघाट सडक आयोजना | | | |
| ३ | | पकनी गल्छी महादेव वेसी सडक आयोजना | | | |
| ४ | | गोगने गिम्दी कालिकाटार भार्ता खैराङ मलेखु सडक आयोजना | | | |
| ५ | | चुनिया नामटार कालिकाटार भार्ता खैराङ्ग मलेखु सडक आयोजना | | | |
| ६ | | घुमाउने वुकुटी लिक्चे गारखल सरिखेत मनहरी सडक आयोजना | | | |
| ७ | | लिक्च किटभन्ज्याङ्ग वस्तीपुर सडक आयोजना | | | |
| ८ | | किसेडी मच्छेवास स्यार्से धैराङ्ग | | | |
| १ | उत्पादन वृद्धि तथा रोजगारी अवसर सृजना तर्फ | तरकारी तथा मसलावाली – अदुवा, मौरी) पकेट क्षेत्र विकास कार्यक्रम | ९५६५३३ | ९९०० | १०००० |
| २ | | फलफुल (कागती,सुन्तला, ओखर, किवी, जुनार, अलैँची, एभोकाडो, चिया) पकेट क्षेत्र विकास कार्यक्रम | | | |
| ३ | | व्यवसायिक बाख्रा तथा लोकल कुखुरा विकास कार्यक्रम | | | |
| ४ | | धैराङ्ग, स्यार्सेकालिका, कैलाश वैकुण्ठ, गुप्तेश्वरी साँस्कृतिक, धार्मिक एंव पुरातात्विक पर्यटन प्रर्वधन आयोजना | | | |
| ५ | | देखारी (चेपाङ्ग साँस्कृतिक) पर्यटन पार्क आयोजना | | | |
| ६ | | गल्छी दुम्सीखर्क पकनी कृषि पर्यटन प्रर्वधन कार्यक्रम | | | |
| ७ | | ज्यान्दुङ्ग चमेरे गुफा पर्यटकीय क्षेत्र प्रर्वधन कार्यक्रम | | | |

| क.स | उपक्षेत्र | कार्यक्रम तथा आयोजना | आ.व. २०८२/८३ को व्यय अनुमान | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|
| १ | सिँचाइ तर्फ | नामटार सिंचाई कार्यक्रम | ३३५० | ३५०० | ३६०० |
| २ | | पाख्रवेशी सिंचाई आयोजना | | | |
| ३ | | दोभान खोला छयान्दुङ्ग सिंचाई आयोजना | | | |
| ४ | | ठुलेवेशी सिंचाई आयोजना | | | |
| ५ | | दुवोखोला मेरङ्गकोट सिंचाई आयोजना | | | |
| ६ | | खोलाखर्क फांट सिंचाई आयोजना | | | |
| ७ | | कटहरे सिंचाई आयोजना | | | |
| ८ | | टिउरे छांगा आङ्गेटार सिंचाई आयोजना | | | |
| ९ | | कोथलीटार सिंचाई आयोजना | | | |
| १ | भवन निर्माण तर्फ | बहुउद्देश्यीय प्रशासनिक भवन निर्माण आयोजना | ४०५० | ५००० | ५५००० |
| २ | | आधारभूत स्वास्थ्य पूर्वाधार (५ शैयाको अस्पताल) विकास आयोजना | | | |
| ३ | | मनहरी कालिखोला बहुउद्देश्यीय लघु जलविद्युत आयोजना | | | |

# परिच्छेद – ३: आर्थिक क्षेत्र

## ३.१ कृषि, मत्स्य, पशुपंक्षी तथा जडीबुटी

### ३.१.१ पृष्ठभूमि

पहाडी भौगोलिक बनावट भएको कैलाश गाउँपालिकामा वन र कृषि समृद्धिको प्रमुख आधार हुन्। हालको कृषि प्रणाली मुख्यतः निर्वाहमुखी छ, तर मकै, गहुँ, धान, फापर, फलफूल (सुन्तला, किवी, निबुवा) तथा तरकारी उत्पादन हुँदै आएको छ। नामटारमा हाइटेक टनेलमार्फत बेमौसमी तरकारी खेती सुरु गरिएको छ भने वडा ६, ८, ९ मा अदुवा, आलु, कागती, र दूध उत्पादन व्यावसायिक रूपमा भइरहेको छ।

चरन क्षेत्र प्रशस्त भएकाले गाई, भैंसी, बाख्रा, बंगुर, कुखुरा, हाँस पालनको राम्रो सम्भावना रहेको छ। पछिल्लो तथ्याङ्क अनुसार गाउँपालिका मासुजन्य उत्पादनमा आत्मनिर्भर बन्दै टिमुर, तेजपत्ता, अदुवा, बेसार निर्यात गरिरहेको छ।

उर्वर जमिन, कृषिमा जनसंख्याको संलग्नता र निर्यात क्षमताले यो क्षेत्रलाई वैज्ञानिक र व्यावसायिक कृषि मोडलको रूपमा विकास गर्न सकिने सम्भावना देखिन्छ।

### ३.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा परम्परागत तथा निर्वाहमुखी कृषि प्रणाली, सिंचाईको अभाव, समयमा मल, बिउ र सामग्री नपाइने समस्या छन्। कृषि व्यवसायिकरण, उपजको बजारीकरण, पकेट क्षेत्रको प्रभावकारिता, र रासायनिक प्रयोग न्यूनीकरणमा चुनौती कायमनै छन्।

### ३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| "व्यवसायिक कृषि तथा पशुपालन-कैलाशको समृद्धिको आधार" |
| **लक्ष्य** |
| आधुनिक प्रविधिको प्रयोग एवम् व्यवसायिकताको विकासद्वारा कृषि तथा पशुपालन क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने । |
| **उद्देश्यहरू** |
| ✓ कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउनु।<br>✓ निर्वाहमुखी कृषि प्रणालीलाई दिगो, व्यवसायिक र प्रविधिमैत्री प्रणालीमा रुपान्तरण गर्नु।<br>✓ कृषिमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी स्थानीय अर्थतन्त्र सुदृढ गर्दै खाद्य सुरक्षा र निर्यात प्रवर्द्धन गर्नु। |

### ३.१.४ रणनीति

१. कृषकलाई व्यवसायिक सोचसहित तालिम, प्रविधि र अभिमुखीकरणमार्फत कृषि प्रणालीको आधुनिकीकरण र उत्पादकत्व वृद्धि गर्ने।

२. स्थानीय सन्दर्भमा तुलनात्मक लाभ हुने बाली तथा खाद्य वस्तुमा आत्मनिर्भरता प्राप्त गर्ने र बजारीकरण प्रणाली सुदृढ गर्ने।

३. कृषि पूर्वाधार (सिंचाइ, कृषि सडक, भण्डारण) मा लगानी बढाई दिगो र व्यावसायिक कृषि प्रणाली विकास गर्ने।

### ३.१.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | 135 | 140 | 150 | 155 | 160 |
| आफ्नो आयको दुई तिहाइभन्दा बदी खानामा खर्च गर्ने जनसंख्याको | प्रतिशत | 40 | 35 | 30 | 25 | 20 |
| सानास्तरका खाद्य उत्पादकहरुको औसत आय | रु हजार | 40 | 50 | 55 | 60 | 70 |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | 88 | 90 | 95 | 100 | 110 |
| कुल कृषि भुमिमध्ये खेति गरिएको भूमि | प्रतिशत | 70 | 72 | 75 | 78 | 80 |
| स्थानीय उत्पादनले पुरा गर्ने तरकारी तथा कृषि उपजहरुको माग | प्रतिशत | 35 | 40 | 43 | 47 | 52 |
| खाद्यान्न बालीको औसत उत्पादकत्व -प्रति हेक्टर) | मे.टन | 3.2 | 3.2 | 3.3 | 3.4 | 3.5 |
| कुल तरकारी उत्पादन | मे.टन | 2000 | 2000 | 2200 | 2350 | 2500 |

### ३.१.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ४८७० | ४२७० | ६०० | ० | ७०० | ४१७० |
| २०८३/८४ | ४९८०।०६२ | ४३६६।५ | ६१३।५६ | ० | ७१५।८२ | ४२६४।२ |
| २०८४/८५ | ५२०२।१७२७७ | ४५६१।२ | ६४०।९२ | ० | ७४७।७५ | ४४५४।४ |

### ३.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | समूह बैठक संचालन | विभिन्न सूचनाहरुको बारेमा कृषकलाई जानकारी दिने र कृषकहरुको समस्याहरु पहिचान गर्ने | सालबसाली | ७० | किसानहरुले विभिन्न निकायको सूचनाहरु प्राप्त हुनेछ र कृषकहरुको समस्याको समाधान हुनेछ |
| २ | आकस्मिक रोग किरा व्यवस्थापन कार्यक्रम | कृषकको खेतबारीमा आकस्मिक रुपमा देखापर्ने रोग तथा किरा नियन्त्रण गर्ने | ०८२/०८३ देखी ०८३/०८४ | ५०० | आकस्मिक रुपमा देखापर्ने रोग किराबाट हुने क्षतिलाई न्युनिकरण गरि बालीनाली को उत्पादन र उत्पादत्वमा बृद्धि हुनेछ |
| ३ | उन्नत बिउ वितरण कार्यक्रम | खेतीको उत्पादन र उत्पादत्वमा बृद्धी गर्ने | ०८२/०८३ देखी ०८३/०८४ | १२०० | व्यावसायीक खेती गरी कृषकको जिविकोपार्जनमा सुधार हुनेछ |
| ४ | कृषि हाट बजार संचालन तथा व्यवस्थापन | स्थानिय तथा रैथाने कृषि उपजले विक्रिवितरण गर्ने | ०८२/०८३ देखी ०८३/०८४ | ५०० | स्थानिय तथा रैथाने कृषि उपजले बजारको अवसर प्राप्त गर्नेछ |
| ५ | बिभिन्न खेति बिस्तार तथा प्रवर्द्धन कार्यक्रम | कागती, एभोकाडो, जापानिज हलुवाबेद तथा तरकारी खेतीको क्षेत्र विस्तार गर्ने | ०८२/०८३ देखी ०८३/०८४ | १५०० | कागती, एभोकाडो, जापानिज हलुवाबेद खेती र मौसमी तरकारी प्रती कृषकको आर्कषण बढ्ने र कृषकहरु व्यावसायीक हुनेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | मागमा आधारित कृषि यान्त्रीकरण | कृषि उत्पादन लागत घटाउने | ०८२/०८३ देखी ०८३/०८४ | ६०० | २५-३० वटा सम्म कृषि उपकरण कृषकले पाउनेछन् |
| ७ | बुद्धचित्त मालाको एक घर एक विरुवा कार्यक्रम | बुद्धचित्त मालाको क्षेत्र विस्तार | ०८२/०८३ देखी ०८३/०८४ | ५०० | वडा नं. ६ को प्रत्येक कृषक घरधुरीले एक बोटका दरले बुद्धचितको विरुवा पाउनेछन् |

#### ३.१.८ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा कृषकको खण्डिकृत तथ्याङ्क उपलब्ध हुने, व्यवसायिक कृषिका लागि आवश्यक प्राविधिक सेवा सहज रूपमा उपलब्ध गराउने, उच्च मूल्यका बालीनाली र जडीबुटीको प्रोफाइलिङ्ग गर्नु, शीतगृह र बिक्री वितरण केन्द्र स्थापना गर्नु, तथा उत्पादन जोनिङ्ग गर्नु आवश्यक छ। यस्ता सेवा र पूर्वाधार नहुँदा, कृषक अभिमुखिकरण, उपयुक्त लगानी, बजार पहिचान, माग र आपूर्तिबीच समन्वय नहुनुका कारण अपेक्षित परिणाम प्राप्त नहुन सक्ने जोखिम रहन्छ। तर, प्राविधिक सेवा विस्तार, तथ्याङ्क व्यवस्थापन, सहुलियत दरको ऋण र अनुदान उपलब्ध गराउँदा पशुपंक्षी र माछापालक कृषकहरूको व्यवसायिक उत्पादन वृद्धि हुने सम्भावना रहन्छ।

### ३.२ पशुपंक्षी विकास तथा मत्स्यपालन

#### ३.२.१ पृष्ठभूमि

कैलाश गाउँपालिकामा अधिकांश घरपरिवार पशुपंक्षी पालनमा संलग्न छन्। समशितोष्ण भू-भाग भएकाले गाई, भैंसी, बाख्रा, बंगुर, कुखुरा, हाँस लगायतका पशुपंक्षीको व्यावसायिक उत्पादनको राम्रो सम्भावना छ। कृषकहरूद्वारा गाई, भैंसी, कुखुरा र बाख्राको व्यवसायिक पालन तथा बिक्री व्यापक रूपमा हुँदै आएको छ, जसमा कृषि तथा पशु फर्महरू सक्रिय छन्।

#### ३.२.२ समस्या तथा चुनौती

पशुपंक्षी तथा मत्स्यपालन व्यवसायिक बनाउन कठिनाइ, बजारको माग अनुसार उत्पादन—आपूर्ति संयन्त्रको अभाव, सेवा केन्द्र तथा दक्ष प्राविधिकको अपुगता, तालिमको कमी, कृषि उपज भण्डारण र उचित बजार पहुँच सुनिश्चित हुन नसक्नु जस्ता समस्या एवं चुनौतीहरू रहेका छन्।

#### ३.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| व्यवसायिक पशुपंक्षी तथा मत्स्यपालन मार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |

आधुनिक, वैज्ञानिक र व्यवसायिक पशुपंक्षी तथा मत्स्यपालनमार्फत निर्यातमुखी उत्पादनलाई बढावा दिने

**उद्देश्यहरू**

- ✓ पशुपंक्षीपालनलाई व्यवसायिक बनाउनु ।
- ✓ पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।
- ✓ माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।

## ३.२.४ रणनीति

- ✓ पशुपंक्षी पालनलाई व्यवसायिक बनाउन कृषक र युवा उद्यमीहरूलाई विशेष सहुलियत दिने।
- ✓ आवश्यक कृषि सामग्री र प्रविधिको पहुँच सुनिश्चित गर्ने।
- ✓ कृषि तथा पशुपंक्षी तथ्याङ्क प्रणालीलाई समृद्ध र सुधार गर्ने।
- ✓ माछापालनका इच्छुक कृषक पहिचान गरी भूरा तथा पोखरी निर्माणमा अनुदान दिने।
- ✓ पशुपंक्षीजन्य उत्पादन र माछाको निर्यात प्रवर्द्धन गर्ने।

## ३.२.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | २ | १० | २० | २२ | २५ |
| व्यावसायिक फर्मको संख्या | संख्या | १००० | १११५ | ११२० | ११३० | १२०० |

## ३.२.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशु विकास उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०८२/८३ | २३४९ | १८४९ | ५०० | ० | ० | २३४९ |
| २०८३/८४ | २४०२ | १८९१ | ५११ | ० | ० | २४०२ |
| २०८४/८५ | २५०९ | १९७५ | ५३४ | ० | ० | २५०९ |

## ३.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गोठ/ खोर सुधार तथा निर्माण कार्यक्रम | पशुपालनलाई सुरक्षित र व्यवस्थित बनाउन गोठ/खोर सुधार तथा निर्माण गर्नु | ०८२/०८३ देखी ०८३/०८४ | ५०० | पशुपालन व्यवस्थित भई उत्पादनशीलता वृद्धि हुनेछ। |
| २ | नियमित पशु स्वास्थ्य उपचार कार्यक्रम | पशुहरूको नियमित स्वास्थ्य उपचार गरी रोग नियन्त्रण गर्नु। | सालबसाली | १२४९ | पशुहरूको मृत्यु दर घट्नेछ र उत्पादनशीलता बढ्नेछ। |
| ३ | बाख्रा पालन तालिम | किसानलाई आधुनिक तरिकाले बाख्रा पालन गर्न सिकाउनु। | ०८२/०८३ देखी ०८३/०८४ | ३०० | किसानहरू दक्ष भई उत्पादकत्वमा वृद्धि हुनेछ। |
| ४ | पशु पालक कृषक भ्रमण | कृषकलाई सफल पशुपालन प्रविधि र अभ्यास अवलोकन गर्न अवसर दिनु। | ०८२/०८३ देखी ०८३/०८४ | ३०० | कृषकले नयाँ सीप र ज्ञान आर्जन गरी आफ्नो व्यवसायमा लागू गर्नेछन्। |

## ३.२.८ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा पशुपालनका लागि अद्यावधिक तथ्याङ्क, प्राविधिक सेवा, आवश्यक खोप तथा औषधि आपूर्ति, गोठ तथा आहार व्यवस्थापन, बजार पहुँच र बीमा कार्यक्रमको अभावले व्यवसायिक पशुपालन विस्तारमा कठिनाइ र अपेक्षित परिणाम प्राप्त नहुन सक्ने जोखिम रहन्छ। तर प्राविधिक सेवा विस्तार, सहुलियत ऋण र अनुदान, बीमा कार्यक्रम, बजार व्यवस्थापन र गोठ सुधारका कार्यक्रम लागू गरिएमा पशुपालन उत्पादन र आम्दानीमा उल्लेख्य वृद्धि हुने अनुमान गरिन्छ।

## ३.३ उद्योग, वाणिज्य, खानी, खनिज, तथा आपूर्ति

### ३.३.१ पृष्ठभूमि

गाउँपालिकामा गाई, भैंसी, बंगुर, माछा, कुखुरा, बाख्रा पालन तथा फर्निचर, ग्रील, कागज, कटानी—पिसानी मिल, सिलाइ—बुनाइ, होटल—लज, मेटललगायतका करिब ७० वटा घरेलु तथा साना उद्योग दर्ता भई संचालनमा छन् । यद्यपि ठूला उद्योग नभए पनि स्थानीय कच्चा पदार्थ र जडीबुटीमा आधारित उद्योग विकासको प्रचुर सम्भावना रहेको छ ।

### ३.३.२ समस्या तथा चुनौती

आर्थिक पूर्वाधारको कमी, बैंक तथा वित्तीय औद्योगिक कर्जा परिचालनको कमजोर अवस्था, संगठित निजी क्षेत्रको अनुपस्थिती, अद्यौगिक सीप विकास केन्द्र नहुनु लगायतका समस्या तथा चुनौती खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा व्याप्त छन् ।

### ३.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| "स्थानीय स्रोत साधनमा आधारित उद्योगबाट रोजगारी प्रर्वद्धन तथा सुदृढ अर्थतन्त्रको निर्माण" |
| **लक्ष्य** |
| औद्योगिक क्षेत्रको विकास र विस्तारद्धारा स्थानीय रोजगारीमा बृद्धि, वजार व्यवस्थापन तथा प्रभावकारी आपुर्तिद्धारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि गर्न सहयोग गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिकाभित्र उद्यमशीलताको प्रोत्साहन गर्दै लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनाबाट रोजगारीका अवसर सिर्जना गर्नु ।<br>✓ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।<br>✓ उत्पादित वस्तुहरुको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।<br>✓ गाउँपालिका भित्रको आपुर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।<br>✓ ५०% अनुदानमा रिट्नि उद्यमशीलता प्रवर्द्धन गर्ने र उद्यमीहरुको स्तरोन्नति (एडभान्स सीप विकास)गर्ने । |

### ३.३.४ रणनीति

१. गाउँपालिकामा स्थापना तथा संचालन हुने उद्योग तथा उद्यमलाई आवश्यक पर्ने पूर्वाधारको व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिने ।

२. स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन तथा उद्योग संचालनलाई सहजीकरण गर्दै **रिट्रनि उद्यमशीलता, उद्यमशीलता विकास तालिम र प्रविधि हस्तान्तरण** कार्यक्रमलाई प्राथमिकता दिने ।

३. उद्यमीहरुको स्तरोन्नति (एडभान्स सिप), प्राविधिक सिप विकास तालिम तथा **ग्रामिण सहभागितात्मक लेखाजोखा (सामाजिक परिचालन)** मार्फत उद्यम विकासमा प्रोत्साहन गर्ने ।

४. स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै **नमुना युवा कार्यक्रम (हस्तकला) र बजारिकरणमा सहयोग** कार्यक्रममार्फत औद्योगिक वस्तु तथा सेवाको प्रवर्द्धन गर्ने ।

५. तुलनात्मक लाभका वस्तु तथा सेवाहरुको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्व वृद्धि गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने ।

६. अत्यावश्यक सामाग्रीहरुको सहज आपूर्ति सुनिश्चित गर्दै उद्यम/उद्योगलाई दिगो र प्रतिस्पर्धात्मक बनाउन सहयोग गर्ने ।

### ३.३.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | १८० | २५० | ३५० | ४०० | ४५० |
| व्यवसाय करबाट संकलित राजश्व | रु. | ५२१५० | १४६०० | ५४००० | ६०००० | ७५००० |

### ३.३.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, वाणिज्य, खानी, खनिज, तथा आपूर्ति उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | १७९५ | १६५० | १४५ | ० | ० | १७९५ |
| २०८३/८४ | १८३६ | १६८७ | १४८ | ० | ० | १८३६ |
| २०८४/८५ | १९१७ | १७६३ | १५५ | ० | ० | १९१७ |

### ३.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम | क्षमता अभिबृद्धी, उत्पादकत्व बृद्धी भै स्थानिय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | १७९५ | व्यावसायिक क्षेत्रको उत्पादन र रोजगारीमा २० प्रतिशतले वृद्धि हुनेछ। |

### ३.३.८ जोखिम पक्ष तथा अनुमान

खानी, खनिजको अध्ययन अनुसन्धान, आधारभूत पूर्वाधार निर्माण, उद्योग स्थापनाका सम्भाव्य क्षेत्रको पहिचान, उद्योग र श्रममैत्री कानुनको तर्जुमा, उद्यमशीलता विकास, लगानी आर्कषण (कर छुट, अनुदान, सहुलियत ऋण), बजार अनुगमन र उपभोक्ता हित कार्यक्रम प्रभावकारी रुपमा गर्न सकियो भने गाउँ क्षेत्रमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र पर्याप्त विकसित हुनेछ । तर भौतिक, आर्थिक, वित्तीय, प्राविधिक, मानवीय तथा वातावरणीय पूर्वाधार अभाव भएमा लक्ष्य प्राप्त नहुने जोखिम रहनेछ ।

## ३.४ सिँचाई

### ३.४.१ पृष्ठभूमि

पहाडी भूभागमा भिरालो जमिनको प्रधानता भए पनि यस गाउँपालिकाको समृद्धिको प्रमुख आधार वन र कृषि नै हुन्। यहाँ धान, गहुँ, मकै, कोदो लगायत खाद्यान्न तथा फलफूल बाली उत्पादनको राम्रो सम्भावना छ। गाउँपालिका आवधिक योजना २०७८ अनुसार कुल जमिनमध्ये केवल ४० हेक्टरमा मात्र सर्वयाम सिँचाइ सुविधा उपलब्ध छ। सतह सिँचाइ सम्भव नभएका क्षेत्रमा वैकल्पिक सिँचाइ विस्तार गरेर उत्पादन बढाउन सकिने देखिन्छ। ठाडा खोलाहरू यस क्षेत्रका प्रमुख सिँचाइ स्रोत हुन् भने मनहरी, दुवो लगायतका खोलाबाट पनि सिँचाइ सुविधा प्राप्त भएको छ।

### ३.४.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा सिँचाइसम्बन्धी प्रमुख चुनौतीहरूमा परम्परागत प्रणालीलाई समयानुकूल सुधार नगर्नु, स्रोतअनुकूल विकल्प विकासमा कमी, डिप बोरिङको अव्यवस्थित प्रयोग, कुलो—नहर मर्मत अभाव, पोखरी र खोलानालामा अतिक्रमण बढ्नु, तथा जलस्रोत उपयोगका लागि दिगो योजना नहुनु समावेश छन्।

### ३.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| दिगो सिँचाईको पूर्वाधार, उत्पादकत्वको मूल आधार |
| लक्ष्य |

सिंचाई प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा बृद्धि गर्ने ।

**उद्देश्यहरू**

- ✓ परम्परागत सिंचाई संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाई स्रोतको पहिचान गर्नु ।
- ✓ कृषियोग्य जमिनमा सिंचाईको पहुँच बृद्धि गर्न दिगो सिंचाई प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

### ३.४.४ रणनीति

१. परम्परागत सिँचाई संरचनामा सुधार र व्यावस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरुलाई प्राथमिकतामा राखी सिँचाईको पहुँच वृद्धि गर्ने ।

२. आधारभुत सिंचाईको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरुमा वैकल्पिक स्रोतहरुको व्यवस्थापन गरी सिंचाईको पहुँच बृद्धि गर्ने ।

३. जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्ने ।

### ३.४.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध भुमि | प्रतिशत | ५७ | ५९ | ६२ | ६५ | ७० |

### ३.४.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिँचाई उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ३३५० | ० | ३३५० | १५५० | ८०० | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ३४२६ | ० | ३४२६ | १५८५ | ८१८ | १०२३ |
| २०८४/८५ | ३५७८ | 0 | ३५७८ | १६५६ | ८५५ | १०६८ |

### ३.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | साना सिंचाई मर्मत तथा निर्माण | बर्षाभरी सिंचाई सुविधा विकास र विस्तार गर्नु | ०८२/०८३ देखी ०८३/०८४ | ३३५० | कुल खेती योग्य जमिनको ५०% क्षेत्रमा सिंचाई सुविधा विस्तार हुनेछ। |

### ३.४.८ जोखिम पक्ष तथा अनुमान

सिँचाइ सुविधा विस्तार, जलाधार क्षेत्र संरक्षण, बहुउपयोगी जलाशय निर्माण र आलोपालो प्रणालीमार्फत समानुपातिक सिँचाइ उपलब्ध गराई जलवायु अनुकूल उत्पादन प्रवर्द्धन गरिनेछ। यस्ता कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन नभएमा जलस्रोत संरक्षण नहुने, नहर मर्मत अभाव रहने र कृषियोग्य भूमि बाँझो रहने जोखिम रहन्छ।

## ३.५ पर्यटन तथा सँस्कृति

### ३.५.१ पृष्ठभूमि

कैलाश गाउँपालिका प्राकृतिक सौन्दर्य, जैविक विविधता र सांस्कृतिक धरोहरले सम्पन्न भए पनि आवश्यक पूर्वाधार अभावमा पर्यटन विस्तार हुन सकेको छैन । कैलाश-बैकुण्ठ लगायत स्थलहरूमा होमस्टे र जिपलाइन जस्ता पहल भए पनि अझै व्यवसायिकरण अधुरो छ । समुदायको परम्परा संरक्षण गर्दै कृषि—पर्यटन, होटल, होमस्टे र सेवा सुविधाको विस्तार आवश्यक छ ।

### ३.५.२ समस्या तथा चुनौती

गाउँपालिकामा पर्यटकीय स्थलहरूको पर्याप्त प्रचारप्रसार नहुनु, पहुँचमा असहजता, निजी क्षेत्रको सीमित सहभागिता, गुणस्तरीय पूर्वाधारको कमी, सुरक्षा तथा उद्धार प्रणालीको कमजोरी, मनोरञ्जन सुविधा र आतिथ्य सीपको कमी प्रमुख समस्या रहेका छन्।

### ३.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| “कैलाश गाउँपालिकाको दिगो विकासका लागि सुदृढ पर्यटन” |

| लक्ष्य |
| --- |
| गाउँपालिकालाई मुलुकको एउटा आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ पर्यटन व्यवसायको गुणस्तर बृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।<br>✓ पर्यटकीय पूर्वाधारहरुको विकास गर्नु ।<br>✓ मानव संसाधन विकास गर्नु ।<br>✓ स्रोतसाधनको व्यवस्थापन गर्नु । |

### ३.५.४ रणनीति

- ✓ संचालनमा रहेका होटेल, चिया पसल लगायत सेवा प्रदायकहरूको स्तरोन्नति गर्ने।
- ✓ पर्यटकीय स्थलहरूको प्रचारप्रसार र आवश्यक पूर्वाधार विकास गर्ने।
- ✓ युवायुवतीलाई पर्यटनसम्बन्धी शिक्षा र सीप प्रदान गर्ने।
- ✓ पर्यटन प्रवर्द्धनका लागि आन्तरिक स्रोत परिचालन र बाह्य स्रोतको खोजी गर्ने।

### ३.५.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| व्यवस्थि र स्तरीय पर्यटकीय स्थल तथा सम्पदा | संख्या | २ | ३ | ५ | ८ | १० |
| व्यवस्थित होम्स्टे | संख्या | ० | ५ | १० | २० | ३५ |

### ३.५.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा सँस्कृति उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | बजेटको श्रोत |
| --- | --- | --- |

| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
|---|---|---|---|---|---|---|
| २०८२/८३ | ३८०० | ० | ३८०० | ० | ३८०० | ० |
| २०८३/८४ | ३८८६ | ० | ३८८६ | ० | ३८८६ | ० |
| २०८४/८५ | ४०५९ | ० | ४०५९ | ० | ४०५९ | ० |

### ३.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटन पार्क तथा पुर्वाधार निर्माण तथा मर्मत | सौन्दर्यकरण र पर्यटकीय सूविधा विस्तार गर्नु | ०८२/०८३ देखी ०८३/०८४ | ३८०० | ५ वटा थप पार्क निर्माण भई साविक पार्कको सुधार हुनेछ |

### ३.५.८ जोखिम पक्ष तथा अनुमान

पर्यटन विकासका लागि गुरुयोजना निर्माण, पूर्वाधार विस्तार, सेवा सुविधा सुनिश्चितता र सांस्कृतिक संरक्षण आवश्यक छ। स्थानीय तह र समुदायको सक्रिय सहभागिता भएमा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिन्छ, तर सीप र पूर्वाधारको अभावमा विकासको गति सुस्त हुने जोखिम रहन्छ।

## ३.६ भूमि व्यवस्थापन (भू-उपयोग)

### ३.६.१ पृष्ठभूमि

कैलाश गाउँपालिका होचो बेशी क्षेत्रदेखि उच्च पहाडी भू—भागसम्म फैलिएको छ, जसमा अधिकांश भाग पहाडले ओगटेको छ। माटोको बनावट मिश्रित रहेको छ, जहाँ चट्टानयुक्त, दोमट, बलौटे तथा रातो माटो पाइन्छ। बगर तथा खोला किनारमा बलौटे माटोको वर्चस्व छ।

कुल २०४.४८ वर्ग कि.मी. क्षेत्रफलमध्ये ६०% वन क्षेत्रले ढाकेको छ भने केवल ४० हेक्टर क्षेत्र मात्र खेतीयोग्य छ। सिंचाइ सुविधा वर्षभरि उपलब्ध हुने क्षेत्र अत्यन्त न्यून छन्। वैज्ञानिक भू—उपयोग योजना कार्यान्वयन गर्न सके भूमिको पूर्ण उपयोगमार्फत दीर्घकालीन समृद्धि हासिल गर्न सकिने सम्भावना छ।

### ३.६.२ समस्या तथा चुनौती

परम्परागत खेती प्रणाली, वन क्षेत्रको दिगो व्यवस्थापन तथा सदुपयोग, जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु जस्ता समस्या तथा चुनौतीको विद्यमानता रहेको छ ।

### ३.६.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| भू-स्रोतको पूर्णत वैज्ञानिक सदुपयोगमार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |
| वैज्ञानिक भू-उपयोग योजना लागू गरी भूमिलाई आर्थिक विकासको आधार बनाउने । |
| **उद्देश्य** |
| ✓ सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु । |

### ३.६.४ रणनीति

१. राष्ट्रिय र प्रादेशिक भू-उपयोग नीति अनुरुप स्थानीय भू-उपयोग योजना निर्माण गर्ने ।

२. अव्यवस्थित बसोबासी/भूमिहिन दिलित/ भूमिहिन सुकुम्बासीको लगत संकलन गरी भूमिको व्यवस्था गर्ने ।

३. जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न खेतीयोग्य जमिनको दिगो प्रयोग विस्तार गर्ने ।

४. जग्गा चक्लाबन्दी गर्ने ।

### ३.६.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| खेतीयोग्य भूमिको उपयोग | प्रतिशत | ३० | ४० | ५० | ६० | ८० |
| वैज्ञानिक भू–उपयोग योजनाको कार्यान्वयन | प्रतिशत | १० | २० | ३० | ३५ | ४० |

### ३.६.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्थापन (भू-उपयोग) उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

### ३.६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भु-उपयोग क्षेत्र वर्गीकरणको कार्यान्वयन | गउँपालिका भित्रको जग्गा विभिन्न क्षेत्र अन्तर्गत वर्गीकरण हुनु | ०८१/८२-०८३/८४ | | वर्गीकरण भए अनुसारको विकास गर्न सहज हुने। |
| २ | भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई भूमि व्यवस्थापन | भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई भूमि व्यवस्थापन हुनु | ०८१/८२-०८३/८४ | | पालिकामा भूमिहिन बासी नहुने। |

### ३.६.८ जोखिम पक्ष तथा अनुमान

भू—उपयोग योजना, भूमि बैंक निर्माण, करार खेती, सिंचाइको तथ्यांक, बजेट व्यवस्था, साझेदारी र खरिद प्रक्रिया सुधार आवश्यक छन्। यस्ता कार्य व्यवस्थित रूपमा नगरेमा अपेक्षित उपलब्धि हासिल हुने जोखिम रहन्छ।

## ३.७ सहकारी

### ३.७.१ पृष्ठभूमि

आय आर्जन र पूँजीको उचित परिचालनमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहँदै आएको छ। राष्ट्रिय अर्थतन्त्रका तीन खम्बामध्ये एक मानिने सहकारी rural अर्थतन्त्र सुदृढिकरणमा टेवा पुऱ्याउँदै आएको छ। गाउँपालिकामा हाल २ कृषि सहकारी, १ लघुवित्त र १ बैंक गरी ४ वित्तीय संस्था सञ्चालित छन्।

### ३.७.२ समस्या तथा चुनौती

सहकारीको संख्यात्मक वृद्धि भए पनि गुणात्मक सुधार नहुनु, सामाजिक पूँजीभन्दा ऋण परिचालनमा जोड, पारदर्शिता, आर्थिक अनुशासन र नियमनको कमजोरीजस्ता समस्या विद्यमान छन्।

### ३.७.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| "गाउँपालिकाको दिगो विकास तथा समृद्धिकोलागि सार्वजनिक, निजी र सहकारी साझेदारी" |
| **लक्ष्य** |
| निजी तथा सहकारी क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गरी कैलाश गाउँपालिकाको समृद्धि हासिल गर्ने । |
| **उद्देश्यहरू** |

- ✓ लगानी मैत्री वातावरण तयार गरी निजी तथा सहकारी क्षेत्रलाई उत्पादन र वितरण क्षेत्रमा संलग्न गराउने।
- ✓ सहकारीमार्फत पुँजी परिचालन, समूह लगानी र वित्तीय पारदर्शिता प्रवर्द्धन गर्दै पूर्वाधार विकासमा लगानी प्रोत्साहित गर्ने।
- ✓ सहकारी संस्थाहरूलाई ऋइ:क्ष्व प्रणालीमा आबद्ध गराई नियमन, अनुगमन र सुशासन सुनिश्चित गर्ने।

### ३.७.४ रणनीति

१. संघीय र प्रदेश सरकारको सहकार्यमा लगानीमैत्री नीति, कानुन तथा संस्थागत संयन्त्र निर्माण गर्ने।

२. सरकारी, निजी र सहकारी क्षेत्रलाई परिपूरक साझेदारको रूपमा स्वीकार गरी उत्पादनमूलक र पूर्वाधार क्षेत्रमा लगानी प्रवाह गर्ने वातावरण तयार गर्ने।

३. निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, सहकारी पुँजीलाई उत्पादन क्षेत्रमा परिचालन गराउने, तथा लगानीमैत्री सुविधाहरूको व्यवस्था गर्ने।

### ३.७.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| सहकारी नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ५८ | ५८ | ६० | ७० | ९० |
| वित्तिय सेवामा पहुँच | प्रतिशत | ३० | ३५ | ५० | ८० | १०० |

### ३.७.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सहकारी उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | १०० | १०० | ० | ० | ० | १०० |
| २०८३/८४ | १०२ | १०२ | ० | ० | ० | १०२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०८४/८५ | १०७ | १०७ | ० | ० | ० | १०७ |

### ३.७.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारीको पदाधीकारी तथा कर्मचारीहरूलाई COPOMIS तालिम | सहकारीका कर्मचारी तथा पदाधिकारीहरूलाई तालिम दिनु | ०८२/०८३ देखी ०८३/०८४ | १०० | पालिका भित्रका सम्पूर्ण सहाकारी संस्थाहरूबाट करिब २५ जना तालिम प्राप्त हुने |

### ३.७.८ जोखिम पक्ष तथा अनुमान

सहकारीको मूल मर्म अनुसार सदस्य तथा सञ्चालकलाई अभिमुखिकरण, सामाजिक सद्भाव, प्रतिस्पर्धात्मक भावना विकास, र सहकारीमार्फत औद्योगिकरण तथा लक्षित वर्गको स्तरोन्नतिमा योगदान पुऱ्याउन कार्यक्रम विस्तार गर्न आवश्यक छ। तर, पर्याप्त लगानी, सूचना सम्प्रेषण र ज्ञानको अभावमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ३.८ श्रम, रोजगार तथा गरीबी निवारण

### ३.८.१ पृष्ठभूमि

श्रम, रोजगार तथा गरीबी निवारण विकासशील राष्ट्रहरूको सामाजिक-आर्थिक विकासका महत्वपूर्ण आयाम हुन्। गाउँपालिका क्षेत्रका धेरै मानिसहरू परम्परागत कृषिकार्यमा संलग्न छन्, तर यसबाट उनीहरूको जीविकोपार्जन पर्याप्त हुन सक्दैन। त्यसै कारण, नयाँ पुस्ता रोजगारीको अवसर खोज्दै विदेशतर्फ जाने प्रवृत्तिमा छ। पर्याप्त रोजगारी सिर्जना, श्रमिकको क्षमता विकास र उत्पन्न आम्दानीको समान वितरणले मात्र गरिबी घटाउन र दिगो विकास सुनिश्चित गर्न सक्छ। यसैले प्रभावकारी श्रम नीति, रोजगार प्रवर्द्धन कार्यक्रम र लक्षित गरीबी निवारण रणनीतिहरू मार्फत स्थानीय तहहरूले दीर्घकालीन आर्थिक समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नुपर्छ ।

### ३.८.२ समस्या तथा चुनौती

आर्थिक गतिविधिमा संलग्न युवाको वैदेशिक रोजगार निरन्तर बढ्दै गइरहेको छ । स्थानीय रोजगारी सिर्जनाका लागि उद्योग, कृषि र पर्यटन क्षेत्र कमजोर छन् । जनशक्ति व्यवस्थापन, व्यावसायिक तालिम, प्रविधि उपयोग र योजनाको प्रभावकारी कार्यान्वयनको अभाव मुख्य चुनौतीहरू हुन् ।

### ३.८.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ज्ञान, सिप र उद्यमशिलताको विकास गरी शुन्यमा झार्ने गरीबी |
| **लक्ष्य** |
| आगामी पाँच वर्षमा हालको गरीबीलाई पचास प्रतिशत कम गर्ने । |
| **उद्देश्यहरू** |
| निरपेक्ष र बहुआयमिक गरीबीमा रहेको जनताको गरीबी निवारण गरी जीवनस्तर उकास्ने । |

### ३.८.४ रणनीति

१. गरीबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने ।
२. श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु ।
३. अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षामा कोष आबद्ध गराउनु।
४. बैदेशिक रोजगारीमा जान चाहने तथा बैदेशिक रोजगारीमा रहेकाहरुको सचेतना बृद्धि गरि जोखिम न्यूनिकरण तथा सहजीकरण गर्नु।

### ३.८.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | १० | ११ | १० | १० | १० |
| कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन | दिन | ७००० | ७७०० | ७७०० | ७७०० | ७७०० |

### ३.८.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम, रोजगार तथा गरीबी निवारण उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ४१०० | १३२८ | २७७२ | ० | ४१०० | ० |
| २०८३/८४ | ४१९३ | १३५८ | २८३५ | ० | ४१९३ | ० |
| २०८४/८५ | ४३८० | १४१९ | २९६१ | ० | ४३८० | ० |

### ३.८.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालबसाली | ३६१२ | न्युन आय भएका वार्षिक १०० जना बिपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन। |
| २ | सुरक्षित आप्रवसान कार्यक्रम | सुरक्षित आप्रावासान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा सहयोग र समन्वय गर्नु | सालबसाली | ४८८ | बार्षिक ५०० जनाले सुरक्षित आप्रवासन सम्बन्धी जानकारी, वित्तिय साक्षरता, मनोसामाजिक परामर्श र सहायता प्राप्त गरेका हुनेछन्। |

### ३.८.८ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा गरिब, घरपरिवारविहीन र बेरोजगारको तथ्याङ्क संकलन गरी कारण र समाधान पहिचान गर्ने, लक्षित कार्यक्रम संचालन गर्ने, जोखिमयुक्त बस्ती स्थानान्तरण, सरकार र क्षेत्रीय कार्यक्रमबीच समन्वय, सीप र उद्यमशीलता विकास तथा मनोसामाजिक रुपान्तरणमा स्रोत विनियोजन आवश्यक छ। यसले गरीबी निवारणमा मद्दत पुग्नेछ। साथै, युवाको अवस्था पहिचान गरी नवप्रवर्तनकारी सोच र व्यवसायिक जोश भएका युवालाई मार्गनिर्देशन, आर्थिक—प्राविधिक सहयोग तथा अनुकरणीय कामको पहिचान गर्न सकेमा युवाशक्ति दिगो विकासको मुख्य संवाहक बन्न सक्छ। युवा लक्षित नीति र कार्यक्रम नबनेमा सामाजिक अस्थिरता, हिंसा र विकास अवरोध हुने जोखिम रहन्छ।

# परिच्छेद - ४: सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

शिक्षा देशको विकासमा प्रमुख र सशक्त माध्यम हो जसले जनजीवन सुधार्दै समृद्धि ल्याउँछ। संविधानले सबैलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा दिने व्यवस्था समेत छ। राज्यले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक र रोजगारमूलक बनाउन नीति बनाएको छ। दिगो विकास लक्ष्य ४ अन्तर्गत सन् २०३० सम्म सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

कैलाश गाउँपालिकामा हाल ४३ सामुदायिक विद्यालय छन्, जसमा ६ माध्यमिक, ४ आधारभूत (कक्षा १–८), २३ कक्षा १–५ र १० कक्षा १–३ सञ्चालनमा छन्। करिब ५२०० विद्यार्थी र २५० शिक्षक तथा कर्मचारी कार्यरत छन्। वि.सं. २०७८ को जनगणनाअनुसार यहाँको कुल साक्षरता दर ६७.८% छ। आधारभूत तहको भर्ना दर ९४.९% र माध्यमिक तहको ३७.२% रहेको छ।

### ४.१.२ समस्या तथा चुनौती

कैलाश गाउँपालिकामा विद्यालय छाड्ने र कक्षा दोहर्याउने दर उच्च, दलित तथा आदिवासी भर्नादर न्यून, विद्यालयहरूको आर्थिक अवस्था कमजोर, अभिभावकको सार्वजनिक शिक्षाप्रति चासो कम, शिक्षक दरबन्दी असमान वितरण, राजनीतिकरण, शिक्षकहरूको प्रतिबद्धता र जिम्मेवारीमा कमी, साथै इन्टरनेट र विद्युत सुविधाको अभावले विद्यार्थीको सिकाइमा बाधा पुर्‍याइरहेको छ।

### ४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| "समावेशी, गुणस्तरयुक्त, नवप्रवर्धनात्मक शिक्षाको सुनिश्चितता, कैलाश गाउँपालिकाको प्रतिबद्धता" |
| **लक्ष्य** |
| सबै बालबालिकालाई समावेशी शिक्षाको पहुँचमा ल्याई नैतिक, दक्ष, सीपयुक्त व्यवहारिक शिक्षाको माध्यमबाट नवप्रबर्धन उन्मुख बनाइ सम्बृद्ध कैलाशको आधार निर्माण गर्ने |
| **उद्देश्यहरू** |
| ✓ प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म निःशुल्क, समतामूलक पहुँच र गुणस्तर सुनिश्चित हुनु।<br>✓ विद्यालयमा आधारभूत पूर्वाधार, दक्ष जनशक्ति र सूचना–सञ्चार प्रविधि व्यवस्था गरी गुणस्तरीय शैक्षिक वातावरण बनाउनु।<br>✓ प्राविधिक र व्यावसायिक शिक्षा विकास गरी उत्पादनमुखी र सक्षम जनशक्ति उत्पादन गर्नु। |

- ✓ अनौपचारिक शिक्षा, अभिभावक शिक्षा तथा साक्षरता प्रवर्द्धनका लागि सामुदायिक सिकाइ केन्द्र सञ्चालन हुनु।
- ✓ स्थानीय कला, भाषा, संस्कृति, ज्ञान र स्रोत पहिचान गरी प्रवर्द्धन गर्नु र सामाजिक न्याय, विभेद, हिंसा तथा दुर्व्यवहार अन्त्यका लागि जनचेतना कार्यक्रम सञ्चालन गर्नु।

### ४.१.४ रणनीति

१. अनिवार्य र निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर मापदण्ड विकास गरी सबै बालबालिकाको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्ने।

२. जेहन्दार, सीमान्तकृत, दलित, प्राविधिक छोरीबुहारी, अपाङ्गता, सहिद र द्वन्द्वपिडित बालबालिकालाई उच्च शिक्षाका लागि छात्रवृत्ति दिने।

३. सबै विद्यालयमा मापदण्डमा आधारित पूर्वाधार, दक्ष जनशक्ति र स्रोत साधन उपलब्ध गराएर प्रतिस्पर्धात्मक सिकाइ वातावरण सुनिश्चित गर्ने।

४. सूचना तथा सञ्चार प्रविधिको विस्तार गरी प्रविधिमैत्री सिकाइ वातावरण सिर्जना गर्ने।

५. प्राविधिक र व्यावसायिक शिक्षा तथा तालिमको अवसर प्रदान गरी सीपयुक्त र उद्यमशील जनशक्ति विकास गर्ने।

६. प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र बढाएर निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ प्रवर्द्धन गर्ने।

७. विद्यार्थीलाई पाठ्यक्रमसँग सम्बन्धित परियोजना कार्यमा आवद्ध गराई व्यवहारिक सिकाइ सहज बनाउने।

८. स्थानीय कला, भाषा, संस्कृति, ज्ञान, सिप र स्रोत पहिचान गरी स्थानीय पाठ्यक्रम प्रभावकारी बनाउने।

९. विभेद, हिंसा, दुर्व्यवहार र कुरीति अन्त्य गर्न विद्यालय र समुदायमा सञ्जाल सञ्चालन गरी अभिभावक जागरण अभिवृद्धि गर्ने।

### ४.१.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ५३ | ५५.५ | ७० | ८० | ९० |
| प्राथमिक तह खुद भर्ना | प्रतिशत | ९४ | ९६.४ | ९८ | १०० | १०० |
| माध्यामि तहका खुद भर्नादर (९ देखी १२) | प्रतिशत | ४० | ४०.१ | ५० | ६५ | ८० |
| १५ देखी २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ७८ | ८० | ९० | ९५ | १०० |
| विद्युत्मा पहुँच भएका विद्यालयहरू | प्रतिशत | ७७ | ८५ | ९० | ९५ | १०० |
| इन्टरनेट पहुँच विद्यालयहरू | | ३६ | ६५ | ७५ | ९० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खानेपानी, सरसफाइ र स्वच्छता सुवधा उपलब्ध विद्यालयहरू | प्रतिशत | ४२ | ४६ | ६० | ७५ | ९० |
| अपाङ्गमैत्री विद्यालयहरू | प्रतिशत | १२ | १२ | २० | ३० | ४० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षा | प्रतिशत | ८२ | ८५ | ९० | ९५ | १०० |

### ४.१.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ११९४५ | ९९४५ | २००० | ० | ४४९५ | ७४५० |
| २०८३/८४ | १२२१५ | १०१७० | २०४५ | ० | ४५९७ | ७६१८ |
| २०८४/८५ | १२७६० | १०६२३ | २१३६ | ० | ४८०२ | ७९५८ |

### ४.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | प्र.अ, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी (लेखापाल र कार्यालय सहयोगी) थप तलब भत्ता | प्रशासकीय, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी (लेखापाल र कार्यालय सहयोगी) का तलब भत्ता | सालबसाली | ३८८५ | कर्मचारीको तलब भत्ता समयमा पाउनेछन। |
| २. | निजी श्रोत शिक्षक व्यवस्थापन | निजी श्रोत शिक्षकको व्यवस्थित नियुक्ति र व्यवस्थापन सुनिश्चित गर्नु। | सालबसाली | ५६० | शिक्षकको उपयुक्त व्यवस्थापनले गुणस्तरीय शिक्षा सुनिश्चित हुनु। |
| ३. | प्र.अ तथा गाउँ शिक्षा समितिको बैठक व्यवस्थापन | प्रशासकीय तथा गाउँ शिक्षा समिति बैठकको | सालबसाली | ३०० | बैठक समयमै सम्पन्न भई निर्णय कार्यान्वयनमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रभावकारी व्यवस्थापन गर्नु। | | | प्रभावकारी योगदान हुनु। |
| ४. | बिभिन्न शैक्षिक कार्यक्रम, तालिम सञ्चालन तथा अनुगमन | विभिन्न शैक्षिक कार्यक्रम र तालिम सञ्चालन तथा अनुगमन गर्नु। | 2082/083 | १४०० | तालिम र कार्यक्रम प्रभावकारी भई शिक्षाको गुणस्तर सुधार हुनु। |
| ५. | कक्षा १-३ का विद्यार्थीको मूल्याङ्कनका लागि कार्य सञ्चयिका(Portfolio) छपाइ तथा वितरण | कक्षा १—३ का विद्यार्थीको मूल्याङ्कनका लागि कार्य सञ्चयिका छपाइ र वितरण गर्नु। | 2082/083 | ३०० | विद्यार्थी मूल्याङ्कन सहज र व्यवस्थित भई शिक्षाको गुणस्तर सुधार हुनु। |
| ६. | परीक्षा सञ्चालन तथा व्यवस्थापन | परीक्षा समयमै र व्यवस्थित रूपमा सञ्चालन गर्नु। | सालबसाली | १४०० | परीक्षा निष्पक्ष, व्यवस्थित र गुणस्तरीय रूपमा सम्पन्न हुनु। |
| ७. | राष्ट्रपती रनिङ सिल्ड कार्यक्रम | राष्ट्रपती रनिङ सिल्ड कार्यक्रममार्फत खेलकुदमा विद्यार्थीको सहभागिता र क्षमताविकास गर्नु। | सालबसाली | ५०० | विद्यार्थीमा खेलकुद प्रतिभा वृद्धि र प्रतिस्पर्धात्मक क्षमता विकास हुनु। |
| ८. | स्थानीय पाठ्यपुस्तक (हाम्रो कैलाश) लेखन तथा छपाई | स्थानीय पाठ्यपुस्तक "हाम्रो कैलाश" को लेखन र छपाई सम्पन्न गर्नु। | 2082/083 | ८०० | विद्यार्थीलाई गुणस्तरीय स्थानीय पाठ्यसामग्री उपलब्ध हुनु। |
| ९. | उच्च शिक्षा तथा MBBS छात्रवृत्ति | उच्च शिक्षा तथा MBBS अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्नु। | 2082/083 | ८०० | छात्रवृत्तिप्राप्त विद्यार्थीले गुणस्तरीय शिक्षा हासिल गर्नु। |
| १०. | सामुदायिक विद्यालयमा कम्प्युटर तथा प्रिन्टर खरिद, वितरण तथा मर्मत | सामुदायिक विद्यालयमा कम्प्युटर तथा प्रिन्टरको खरिद, वितरण र मर्मत गर्नु। | 2082/083 | २००० | शैक्षिक गतिविधि प्रविधिमैत्री र प्रभावकारी हुनु। |

### ४.१.८ जोखिम पक्ष तथा अनुमान

समग्र विद्यालय सुधारका लागि शिक्षकहरूको ज्ञान र सीप अद्यावधिक गर्ने, समान लैङ्गिक अवसर बढाउने चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, शिक्षक—विद्यार्थी—अभिभावक बीच अन्तरक्रिया मार्फत सुधार गर्ने, अध्ययनमा अभिरुचि जगाउन स्थापित व्यक्तित्वसँग साक्षात्कार गर्ने, स्थानीय आवश्यकता अनुसार पाठ्यक्रम

निर्माण गर्ने, सूचना प्रविधिको प्रयोग बढाउने र समयमै पाठ्यसामग्री उपलब्ध गराउने कार्य प्राथमिकताका साथ गर्नुपर्नेछ । यस्ता कार्यक्रम सञ्चालनमा नआए अपेक्षित परिणाम नआउन सक्छ ।

## ४.२ स्वास्थ्य

### ४.२.१ पृष्ठभूमी

नेपालको संविधानको धारा ३५ अनुसार प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हक सुनिश्चित गरिएको छ । कैलाश गाउँपालिकामा हाल ५ वटा स्वास्थ्य चौकी र ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रमार्फत सामान्य स्वास्थ्य सेवा प्रवाह गरिएको छ ।

"एक स्थानीय तह, एक अस्पताल" अवधारणाअन्तर्गत निर्माण कार्य अन्तिम चरणमा रहेको १० शैयाको अस्पताल सञ्चालनका लागि आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी, उपकरण तथा संरचना व्यवस्थापनको तयारी गरिएको छ । साथै कैलाश ०९ नामटारमा ५ सैया अस्पताल पनि निर्माणाधित अवस्थामा छ।

स्वास्थ्य संस्थाहरूमा सामाजिक समावेशिता, औषधि तथा उपकरणको पहुँच, भौतिक पूर्वाधार तथा जनशक्ति सुदृढीकरणमा विशेष ध्यान दिइएको छ । गाउँपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपनासहित संस्थागत गर्भजाँच सम्पन्न पालिकाका रूपमा घोषणा भइसकेको छ, जसको प्रभावकारिता कायम राख्न नियमित कार्यक्रमहरू संचालनमा रहेका छन् ।

### ४.२.२ समस्या तथा चुनौती

सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा सबै वर्ग र समूहको समान पहुँच नहुनु, सुविधा सम्पन्न अस्पताल र विज्ञ चिकित्सकको अभाव, आकस्मिक तथा विशिष्टिकृत सेवाका लागि सदरमुकाम वा शहरमा निर्भर रहनु पर्ने अवस्था अझै कायम रहेको छ । गाउँपालिकामा २४ घण्टा आकस्मिक सेवा नहुँदा जटिल अवस्थाका बिरामीको अकालमै मृत्यु हुने जोखिम बढेको छ । स्वास्थ्य संस्था तथा चौकीहरूको भौतिक र सेवा स्तर वृद्धि आवश्यक रहेको छ भने जनस्तरमा स्वास्थ्यसम्बन्धी चेतना न्यून रहेको समस्या पनि देखिएको छ ।

### ४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| घरदैलो मै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता |
| **लक्ष्य** |
| पायक पर्ने स्थानहरुमा भौतिक संरचना निर्माण गरी सेवा प्रवाहको क्षमतामा बृद्धि गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ कैलाशका सबै नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।<br>✓ स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामाग्रीमा पहुँच बढाउनु । |

✓ थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारका लागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु ।

### ४.२.४ रणनीति

१. सबै नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाउने गरी सेवा प्रवाह प्रभावकारी बनाउने।
२. स्वास्थ्य संस्थाहरूमा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा पहुँच र क्षमता विस्तार गर्ने।
३. पोषणयुक्त आहार सम्बन्धी जनचेतना फैलाउँदै सबै बस्तीसम्म सेवा पुऱ्याउने।
४. मातृ, नवजात र शिशु मृत्युदर घटाई औसत आयु वृद्धिमा योगदान गर्ने।
५. कैलाश अस्पताल संचालन कार्यविधि निर्माण गर्ने।

### ४.२.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| दक्ष प्रसूतिकमर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | प्रतिशत | 100 | 100 | 100 | 100 | 100 |
| नवजात शिशुको मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | 2 | 3 | 0 | 0 | 0 |
| क्षयरोग लाग्ने दर (प्रति लाखमा) | जना | 103 | 76 | 200 | 220 | 239 |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर(१५ देखि ४९ वर्ष उमेर का महिलाको अनुपात | अनुपात | 342 | 395 | 150 | 75 | 60 |
| मापदण्डअनुसार चार पटक प्रसव पूर्व स्वास्थ्य सेवा प्राप्त गर्ने महिला (जीवित जन्ममा) | प्रतिशत | 92 | 59 | 80 | 90 | 100 |
| हेपाटाइटिस वी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | प्रतिशत | 93 | 114 | 100 | 100 | 100 |
| उच्च रक्तचापको औषधि सेवन गर्ने १५ वर्ष माथिको जनसंख्या | जना | 0.3 | 0.8 | 1 | 1 | 1 |
| घरवाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | 60 | 65 | 66 | 67 | 70 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | 35 | 47 | 60 | 65 | 70 |
| राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरीएका सबै खोप प्राप्त गर्ने लक्षित जनसंख्याको अनुपात | प्रतिशत | 98 | 113 | 100 | 100 | 100 |

### ४.२.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ५०५६ | २०० | ४८५६ | ० | १८५६ | ३२०० |
| २०८३/८४ | ५१७० | २०५ | ४९६६ | ० | १८९८ | ३२७२ |
| २०८४/८५ | ५४०१ | २१४ | ५१८७ | ० | १९८३ | ३४१८ |

### ४.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खोप/गाउँघर क्लिनीक यातायात स्वास्थ्यकर्मी | दुर्गम तथा स्वास्थ्य सेवा बाट बञ्चित समुदायहरुलाई खोप सेवा तथा प्रथमिक उपचार गर्ने। | सालबसाली | २०० | राष्ट्रिय सहसताब्दि लक्ष्य हासिल गर्नमा सहयोग पुर्याउने |
| २ | महिला स्वास्थ्य स्वयंसेविका बैठक, खाजा तथा यातायात,निर्वृत्त सेवा थप प्रोत्सान, प्रोत्साहन भत्ता र म.स्वा.से दिवस | ग्रमिण क्षेत्रमा बसोबास गर्ने जनसमुदायहरु लाई स्वास्थ्य सेवा तथा राष्ट्यको लागि ग्रमिण क्षेत्रको डाटा उपलब्ध गराउन टेवा पुर्याउनु | सालबसाली | ९५६ | गाउँघर तथा समुदाय हरुमा हैजा, महामारि, संक्रामक रोगहरु तथा कुपोषित विरामिहरु पत्ता गलाउन सहयोग गरि राष्ट्रिय लक्ष्यमा सहयोग पुग्नेछ। |
| ३ | स्वास्थ्यकर्मीहरुलाई IP, अध्ययन | स्वास्थ्य क्षेत्रमा नयाँ नयाँ शिप बिकाश तथा | 2082/83 | ४५० | गुणस्तरिय स्वास्थ्य सेवा सेवाग्राहिमा पुग्नेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | अवलोकल तथा क्षमता अभिवृद्धि र FCHV हरुलाई क्षमता अभिवृद्धि | रिसर्चहरु दिन प्रति दिन भईरहेकोले विभिन्न तालिम तथा कार्यक्रमहरु मार्फत स्पास्थ्य सम्बन्धि नयाँ ज्ञान सिकाउने। | | | |
| ४ | ल्याव, बर्थिङ सेन्टर, HTN र DM तथा आपतकालीन तथा जीवन रक्षा Life saving, नेत्र सहायक उपचार, खोप ढुवानि, औषधी ढुवानि तथा आयुर्वेद औषधि खरिद | Essential Drug, Emergency Medicine, Equpment's स्वास्थ्य संस्थाहरुको लागि आपुर्ति गराउने। | सालबसाली | १२५० | स्वास्थ्य संस्थामा आवश्यक औषधी उपलब्ध हुनेछ। |
| ५ | किशोर/किशोरी, जेष्ठ नागरिक शिविर, प्रजन्न स्वास्थ्य शिविर | समुदायमा रहेको विभिन्न प्रकारको सेवाग्राहिहरुलाई शिविर मार्फत स्वास्थ्य समस्याहरु न्युनिकर गर्नु | सालबसाली | ४०० | लाभ ग्राहिहरु स्वास्थ्य समस्याहरु मक्त हुनेछन। |
| ६ | स्वास्थ्य बिमा कार्यक्रम | विपन्न परिवारहरुको स्वास्थ्य उपचारमा सहयोग हुनु | 2082/83 | ५०० | सेवाग्राहिहरु लाई न्युनतम शुल्कमा उपचार गराउन सहयोग पुग्नेछ |
| ७ | कैलाश अस्पताल सञ्चालन खर्च र Placenta Pit निर्माण | सेवाग्राहिहरुलाई स्वास्थ्य उपचारमा सहजिकरण हुनु। | 2082/083 | १२०० | अस्पताल संचालन पश्चात बिरामिहरु नजिकमै सेवा लिइ Complication हुन बाट जोगिनेछ। |

### ४.२.८ जोखिम पक्ष तथा अनुमान

गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न आधारभूत पूर्वाधार, प्रजनन स्वास्थ्य सेवा, महिला र किशोरी शिक्षा, पोषण र खाद्य सुरक्षा आवश्यक छन्। यसका लागि स्पष्ट नीति, नागरिकको सहभागिता र सचेतना अपरिहार्य छ, तर साधन, स्रोत र जनशक्तिको कमीले उपलब्धि सीमित हुन सक्ने जोखिम रहन्छ।

## ४.३ संस्कृति, भाषा, कला तथा साहित्य

### ४.३.१ पृष्ठभूमि

कैलाश गाउँपालिका प्राकृतिक सौन्दर्य, जैविक विविधता तथा बहुजातीय, बहुभाषिक र सांस्कृतिक सम्पदामा धनी क्षेत्र हो। तामाङ, चेपाङ, मगर, क्षेत्री, गुरुङ, विश्वकर्मा, ब्राह्मण लगायत समुदायका आफ्नै भाषा, भेषभूषा, रीतिरिवाज र परम्पराहरू रहेका छन्, जसले सांस्कृतिक पहिचान निर्माणमा योगदान पुऱ्याएका छन्। दशैं, तिहार, ल्होसार, तीज लगायतका पर्वहरू आपसी सद्भावका साथ मनाइँदै आएको छ भने न्वागी पर्व, घाटु, मारुनी, पञ्चे बाजा, खैचडी भजनजस्ता मौलिक सम्पदाको संरक्षणका लागि तालिम र कार्यक्रम सञ्चालन गरिएको छ। ऐतिहासिक मेला, कुण्ड, गुफा, गुम्बा जस्ता धार्मिक र पुरातात्त्विक सम्पदाको संरक्षणमा ध्यान दिइएको छ भने स्थानीय भाषा, कला र साहित्यको प्रवर्द्धनमा समेत पहल भइरहेको छ।

### ४.३.२ समस्या तथा चुनौती

स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणमा ठोस योजना र पर्याप्त अध्ययन अनुसन्धानको अभाव छ। युवा पुस्तामा चासो कम हुनु, धार्मिक स्थलहरूको जीर्ण अवस्था, जातीय भेषभूषा र भाषाको संरक्षणमा कमजोरी, आर्थिक प्रलोभनका कारण धर्म परिवर्तन, लगानी तथा पहलको न्यूनता, र पाठ्यक्रममा संस्कृति संरक्षण समावेश नहुनु जस्ता चुनौतीहरू विद्यमान छन्।

### ४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सभ्य र सु-सँस्कृत समाजको निर्माण |
| **लक्ष्य** |
| सँस्कृति, भाषा, कला र साहित्यको जर्गेना र विकास मार्फत सभ्य र सौहार्दपुर्ण समाजको स्थापना गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय पहिचान कायम हुने भाषा, कला, सँस्कृति, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु । |
| ✓ सँस्कृति, भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुऱ्याउनु । |

### ४.३.४ रणनीति

१. सँस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखिकरण गर्ने ।
२. भाषा, सँस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने ।
३. कला, साहित्य, भाषा, सँस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने ।
४. साँस्कृतिक, साहित्यिक, भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।

### ४.३.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| संरक्षित र प्रवर्द्धन गरिएका परम्परागत संस्कृति, मेला तथा गाथाको | संख्या | ३ | ३ | ५ | ८ | १० |
| स्थानीय भाषा तथा लिपि सम्बन्धी प्रशिक्षण प्राप्त गर्ने युवाको | संख्या | ० | ० | २० | ५० | ८० |

### ४.३.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संस्कृति, भाषा, कला तथा साहित्य उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | २०५० | २०५० | ० | ० | १५० | १९०० |
| २०८३/८४ | २०९६ | २०९६ | ० | ० | १५३ | १९४३ |
| २०८४/८५ | २१९० | २१९० | ० | ० | १६० | २०३० |

### ४.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्थानीय संस्कृति तथा मेला व्यवस्थापन, प्रवर्द्धन तथा संरक्षण | परम्परागत स्थानीय संस्कृति, मेला तथा गाथा संरक्षण गर्नु | ०८२/०८३ देखी ०८३/०८४ | १६५० | परम्परागत स्थानीय संस्कृति, मेला तथा गाथा संरक्षण तथा प्रचार प्रसार हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | स्थानीय भाषा तथा लिपि सम्बन्धी प्रशिक्षण तथा संरक्षण | स्थानीय जनजातिहरूको भाषा तथा लिपि संरक्षण गर्नु | ०८२/०८३ देखी ०८३/०८४ | ४०० | युवा तथा भावी पुस्ता आफ्नो मौलिक भाषा तथा लिपि सम्बन्धी दक्ष हुनेछन्। |

### ४.३.८ जोखिम पक्ष तथा अनुमान

साँस्कृतिक प्रदर्शनी, महोत्सव र मेलाको योजनाबद्ध आयोजना गरी सर्जक र सांस्कृतिक समूहलाई प्रोत्साहित गर्न आवश्यक छ। साथै कला संग्रहालय निर्माणमार्फत स्थानीयबासीलाई मौलिकता संरक्षणमा सक्रिय बनाउन सकिन्छ। यस्ता कदमले सकारात्मक नतिजा ल्याउन सक्छन्, तर बहुसरोकारवाला निकायको संलग्नता नहुँदा संरक्षण कमजोर हुने जोखिम रहन्छ।

## ४.५ महिला, बालबलिका तथा लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### ४.५.१ पृष्ठभूमि

सामाजिक रूपान्तरण अपूरो भएकाले लैङ्गिक समानता, सामाजिक सुरक्षा र समावेशीकरण अझै पनि विकासका मुख्य चुनौती छन्। संविधानले सबै प्रकारका विभेद अन्त्य गरी समतामूलक समाज निर्माणको संकल्प गरेको छ। यस गाउँपालिकाले बालमैत्री घोषणा, बालविवाह अन्त्य, अभिभावकविहीन बालबालिका संरक्षण र अपाङ्गता भएका व्यक्तिका लागि पुनर्स्थापना सहयोग कार्यक्रममार्फत सामाजिक न्याय प्रवर्द्धनमा प्राथमिकता दिएको छ।

### ४.५.२ समस्या तथा चुनौती

जातीय र लैङ्गिक विभेदको अन्त्य नहुनु, लक्षित वर्ग सशक्तिकरणका प्रयास प्रभावकारी नहुनु, बालमैत्री घोषणा नहुनु र सामाजिक सुरक्षा तथा समता आधारित समाज निर्माणमा चुनौती कायम रहेको छ।

### ४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| "महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री कैलाश" |
| **लक्ष्य** |
| महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन गराउने । |
| **उद्देश्यहरू** |
| ✓ महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु ।<br>✓ बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्रि वातावरण सिर्जना गर्नु ।<br>✓ ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु । |

✓ अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तिकरण मार्फत जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।

### ४.५.४ रणनीति

१. पालिका मातहतका सबै निकायहरुमा लैङ्गिक समानता बृद्धि गर्ने ।
२. लैङ्गिक हिसां अन्त्य गर्ने प्रकारका कार्यक्रम संचालन गर्ने ।
३. ज्येष्ठ नागरिकको हेरचाह स्याहार सुसार र उपयुक्त वातावरण तय गर्ने ।
४. ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने ।
५. अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनकि सेवामा पहुँच बढाउने ।

### ४.५.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| यौनहिंसा अनुभव गरेको किशोरि तथा महिलाको संख्या | संख्या | ० | १ | ० | ० | ० |
| अपाङ्गता परिचयपत्र कार्ड प्राप्त गर्ने सङ्ख्या | संख्या | २०० | ९ | ५ | ४ | ३ |
| बालबालिका अन्त्यको सङ्ख्या | संख्या | ४ | १ | ० | ० | ० |

### ४.५.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबलिका  तथा लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ४२५० | ४२५० | ० | ५० | ० | ४२०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ४३४६ | ४३४६ | ० | ५१ | ० | ४२९५ |
| २०८४/८५ | ४५४० | ४५४० | ० | ५३ | ० | ४४८६ |

### ४.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला विकास तथा लैङ्गिक विभेद कार्यक्रम | महिलाहरूको आर्थिक र सामाजिक सशक्तिकरणमा सहयोग पुर्याउनु | सालबसाली | ११०० | वार्षिक ५०० जना महिला लाभान्वित हुनेछन्। |
| २ | बालबालिका कार्यक्रम | बाल बचाउ, संरक्षण, विकास र सहभागितामा अभिवृद्धि गर्नु | सालबसाली | १०५९ | वार्षिक ५०० जना बालबालिका प्रत्यक्ष लाभान्वित हुनेछन्। |
| ३ | दलित, विपन्न, सिमान्तकृत र शहिद परिवार उत्थान कार्यक्रम | दलित, विपन्न, सिमान्तकृत र शहिद परिवारको अधिकार र संस्कृति संरक्षण र प्रवर्द्धन गर्नु | सालबसाली | ९०० | दलित, विपन्न, सिमान्तकृत र शहिद परिवारको अधिकार र संस्कृति संरक्षण र प्रवर्द्धन हुनेछ। |
| ४ | अपाङ्गता भएका व्यक्ति संरक्षण तथा सशक्तीकरण कार्यक्रम | वर्गीकृत परिचय पत्र, सहायक सामाग्री र सचेतनामा बृद्धि गर्नु | सालबसाली | ४०० | पालिका भित्रका अपाङ्गता भएका व्यक्तिले अपाङ्गता परिचय पत्र, सा.सु. कार्यक्रममा समावेश भएका हुनेछन्। |
| ५ | जेष्ठ नागरिकहरूलाई न्यानो कपडा वितरण | जेष्ठ नागरिकको सम्मान र संरक्षण गर्नु | सालबसाली | ५०० | सामाजिक सुरक्षमा सबै जेष्ठ नागरिक आवद्ध हुने र प्रत्यक्ष लाभान्वित हुनेछन्। |
| ६ | लागु औषध सेवा न्युनिकरण कार्यक्रम | पालिका भित्रका युवा पुस्तालाई लागु औषध सम्बन्धी जनचेतना दिनु | सालबसाली | ३०० | पालिका भित्रका युवा पुस्तालाई लागु औषधको नकारात्मक असर सम्बन्धी चेतना हुनेछ। |

### ४.५.८ जोखिम पक्ष तथा अनुमान

महिला, जेष्ठ नागरिक, दलित र लैङ्गिक अल्पसंख्यकको आवश्यकता पहिचान गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्न सकेमा सोच र व्यवहारमा सकारात्मक परिवर्तन आउन सक्छ। हिंसाविरुद्ध शून्य सहिष्णुता, बालिका शिक्षामा लगानी र निर्णय प्रक्रियामा महिलाको सहभागिता बढेमा सशक्तिकरण सम्भव हुन्छ। तर स्रोत विनियोजन र समन्वय नहुँदा अपेक्षित परिणाम हासिल नहुने जोखिम रहन्छ।

## ४.५ खेलकुद तथा मनोरञ्जन

### ४.५.१ पृष्ठभूमि

अनुशासन, राष्ट्रिय एकता र शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकास गाउँपालिकामा महत्वपूर्ण भूमिका खेलिरहेको छ। सीमित पूर्वाधार र अवसरका बाबजुद पनि स्थानीय खेलाडीहरू सक्रिय छन्। खेलकुदले स्थानीय युवाको सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याउने भएकाले गाउँपालिकाले खेलकुद प्रवर्द्धनलाई आफ्नो नीतिमा प्राथमिकताका रूपमा राखेको छ।

### ४.५.२ समस्या तथा चुनौती

गाउँपालिकामा खेलकुद क्षेत्रको दीर्घकालिन योजना अभाव, खेलाडीमा व्यवसायिकता नहुनु, आधुनिक र सुविधा सम्पन्न पूर्वाधारको कमी, प्रशिक्षकको अभाव, पर्याप्त लगानी नहुनु र खेलाडीहरूको क्षेत्रीय तथा राष्ट्रिय स्तरका प्रतियोगितामा सीमित पहुँच हुनु समस्या चुनौतीका रूपमा रहेका छन्।

### ४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| “युवा जनशक्ति र खेलकुदको विकास पालिकाको समृद्धिको आधार” |
| **लक्ष्य** |
| युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूल प्रवाहीकरण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ युवाहरुलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।<br>✓ खेलकुद पूर्वाधार विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु । |

### ४.५.४ रणनीति

१. खेलकुद पूर्वाधारको प्रबन्ध गर्ने ।
२. खेलाडी पहिचान तथा प्रशिक्षण गर्ने ।
३. खेलकुद प्रतियोगिता संचालन गर्ने ।

### ४.५.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| आयोजना हुने वार्षिक खेलकुद प्रतियोगिता | संख्या | २ | २ | २ | ४ | ४ |
| खेल मैदान | संख्या | १० | १० | १० | १० | १० |
| सत्रिय युवा सञ्जाल | संख्या | ० | ० | १ | ५ | १० |

### ४.५.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ३६०० | २५०० | ११०० | ७०० | ९०० | २००० |
| २०८३/८४ | ३६८१ | २५५७ | ११२५ | ७१६ | ९२० | २०४५ |
| २०८४/८५ | ३८४६ | २६७१ | ११७५ | ७४८ | ९६१ | २१३६ |

### ४.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खेलकुद प्रतियोगिता | युवालाई खेलकुदमा सहभागिता गराई शारीरिक क्षमता र स्वस्थ जीवनशैली विकास गर्नु। | सालबसाली | २३०० | युवामा खेलकुदप्रति रुचि बढ्नेछ र स्वस्थ तथा अनुशासित जीवनशैली आउनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कैलाश युवा प्रवर्द्धन कार्यक्रम | युवाको सीप, नेतृत्व क्षमता र उद्यमशीलता विकास गर्न प्रोत्साहन गर्नु। | ०८२/०८३ देखी ०८३/०८४ | २०० | युवा आत्मनिर्भर, दक्ष र समाजपरिवर्तनमा अग्रसर हुनेछन्। |
| ३ | खेलकुद मैदान निर्माण तथा मर्मत योजना | खेलकुदका लागि आवश्यक पूर्वाधार निर्माण र सुधार गरी सहज पहुँच उपलब्ध गराउनु। | ०८२/०८३ देखी ०८३/०८४ | ११०० | खेलाडी र युवाले सुरक्षित र व्यवस्थित मैदानमा खेलकुद गतिविधि सञ्चालन गर्नेछन्। |

### ४.५.८ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा खेलकुद विकासका लागि दीर्घकालीन योजना, पूर्वाधार, प्रशिक्षक र लगानीको अभाव रहेको छ। यस्ता कमीले युवाको खेलप्रति रुचि कम हुने र क्षेत्रीय तथा राष्ट्रिय प्रतिस्पर्धामा पहुँच सीमित हुने जोखिम छ। यी समस्याको समाधान नगरे खेलकुद क्षेत्रको विकासमा बाधा पुग्ने सम्भावना छ।

# परिच्छेद - ५: पूर्वाधार विकास

## ५.१ खानेपानी तथा सरसफाई

### ५.१.१ पृष्ठभूमि

गाउँपालिकामा एक घर—एक धाराको अवधारणाअनुसार खानेपानी कार्यक्रम सञ्चालन भइरहेको छ। विशेषतः विभिन्न गैरसरकारी संस्थासँगको साझेदारीमा योजना सञ्चालन गरी राम्रो प्रतिफल हासिल भएको छ। आर्थिक स्रोतको अभाव र मुहान संरक्षणमा कम ध्यान भए पनि आवधिक तथ्याङ्कअनुसार ४,२६३ परिवारमध्ये ८९.८२% धारा/पाइप, ०.०७% ट्युवेल/हाते पम्प, ०.२८% ढाकिएको इनार/कुवा, र ७.९८% खुला इनार/कुवा बाट पानी प्रयोग गर्दैछन्। साथै, विभिन्न बस्तीहरू पूर्ण सरसफाई घोषणा भइसकेका छन् र शौचालय कार्ड कार्यान्वयनमा रहेका छन्।

### ५.१.२ समस्या तथा चुनौती

प्राकृतिक विपत्तिले खानेपानी संरचना क्षति हुँदा शुद्ध र स्वस्थ पानीको अभावले टाइफाईड, झाडापखाला जस्ता रोग फैलिन जाने जोखिम छ। पिउने पानी शुद्धिकरणमा जनचेतना अभाव, फोहोरमैला व्यवस्थापनको कमी, र मानव—पशुजन्य विकारलाई उचित व्यवस्थापन नगर्नु यस गाउँपालिकाका प्रमुख चुनौती हुन्।

### ५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| गाउँपालिकाबासीको राम्रो स्वास्थ्य र स्वच्छताको लागि गुणस्तरीय खानेपानी र सरसफाई |
| **लक्ष्य** |
| गाउँपालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाई सेवा विस्तार गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ आधारभुत खानेपानीको पहुँच विस्तार गर्नु । <br> ✓ गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु । <br> ✓ प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु । |

### ५.१.४ रणनीति

१. पहुँचविहीन बस्तीहरूमा खानेपानी सेवा विस्तारका लागि स्रोत पहिचान गर्ने।

२. आधारभूत खानेपानी संरचना निर्माण तथा गुणस्तर सुधार गर्ने।

३. खानेपानी संरचनाको बिमा गर्ने व्यवस्था मिलाउने।

४. WASH ऐन अनुसार योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने।

५. WASH Plan प्रभावकारी रूपमा लागू गर्ने कार्य गरिने।

६. गैर सरकारी संस्थाहरूसँग समन्वय गरिने।

### ५.१.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ५५ | ६० | ६५ | ७५ | ८० |
| शौचालय भएका घरपरिवार | प्रतिशत | ८६ | ८८ | ९० | ९५ | १०० |
| सुचारू खानेपानी आयोजना | संख्या | २० | २५ | ३५ | ४० | ५० |
| सार्वजनिक शौचालय | संख्या | ४ | ४ | ८ | १० | २० |

### ५.१.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी तथा सरसफाई उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | १०४५० | ३०० | १०१५० | ११०० | ८१०० | १२५० |
| २०८३/८४ | १०६८६ | ३०७ | १०३७९ | ११२५ | ८२८३ | १२७८ |
| २०८४/८५ | १११६३ | ३२० | १०८४२ | ११७५ | ८६५२ | १३३५ |

### ५.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | खानेपानी मुहान तथा संरचना विमा कार्यक्रम | खानेपानीका मुहान र संरचना सुरक्षित राखी दीगो उपयोग सुनिश्चित गर्नु। | ०८२/०८३ देखी ०८३/०८४ | ३०० | खानेपानी आपूर्ति प्रणालीमा सुरक्षा र स्थायित्व आउनेछ। |
| २ | गौर सरकारी संस्था संग साझेदारी | सरकारी संस्थासँग सहकार्य गरी खानेपानी पूर्वाधार विस्तार र स्तरोन्नति गर्नु। | ०८२/०८३ देखी ०८३/०८४ | ५५०० | स्वच्छ खानेपानीको दिगो पहुँच समुदायमा सुनिश्चित हुनेछ। |
| ३ | खानेपानी सरसफाई योजना | समुदायमा सुरक्षित खानेपानी र स्वच्छतामूलक अभ्यास प्रवर्द्धन गर्नु। | ०८२/०८३ देखी ०८३/०८४ | ६०० | जनता स्वच्छ खानेपानी प्रयोग र सरसफाईमा सचेत हुनेछन्। |
| ४ | खानेपानी निर्माण तथा मर्मत योजना | सुरक्षित खानेपानीका लागि आवश्यक संरचना निर्माण र मर्मत गरी पहुँच सुधार गर्नु। | ०८२/०८३ देखी ०८३/०८४ | ३०५० | समुदायमा सुरक्षित र दिगो खानेपानी सेवा उपलब्ध हुनेछ। |

### ५.१.८ जोखिम पक्ष तथा अनुमान

पिउनयोग्य मुहान पहिचान, स्वच्छ पानी वितरण, शुद्धीकरणमा सचेतना र फोहोरमैला व्यवस्थापनले सफा र हराभरा गाउँ बनाउनेछ। सामुदायिक र निजी संस्थाको संलग्नता बढेर सुविधा सम्पन्न विकास हुनेछ। योजना अभाव र अनुगमन नहुँदा दिगो विकासमा जोखिम रहन्छ।

## ५.२ सिँचाई

### ५.२.१ पृष्ठभूमि

पहाडी भू-भाग भएकाले भिरालो जमिन छ। तर वन र कृषि यहाँको समृद्धिको मुख्य आधार हुन्। धान, गहुँ, मकै, कोदो र फलफूल उत्पादनमा राम्रो सम्भावना छ। आवधिक योजना २०७८ अनुसार कुल जमिनमध्ये ४० हेक्टरमै मात्र सर्वयाम सिँचाई सुविधा पुगेको छ। सतह सिँचाई नपुग्ने क्षेत्रमा बैकल्पिक सिँचाई विस्तार गरी उत्पादन वृद्धि सम्भव छ। ठाडा खोला र मनहरी, दुवी लगायत खोलाले सिँचाईमा सहयोग पुऱ्याइरहेको छ।

### ५.२.२ समस्या तथा चुनौती

परम्परागत सिँचाई प्रणाली समयसापेक्ष परिमार्जन नहुनु, वातावरण र स्रोत अनुसार सिँचाई विकल्पको विकासमा कमी, डिप बोरिङको व्यवस्थापन अभाव, कुलो तथा नहर मर्मत नहुनु, पोखरी र खोलानालामा

मानविय अतिक्रमण बढ्नु, र जलस्रोतको दिगो उपयोगका लागि योजनाको अभाव यस गाउँपालिकाका मुख्य चुनौतीहरू हुन् ।

### ५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| दिगो सिँचाईको पूर्वाधार, उत्पादकत्वको मूल आधार |
| **लक्ष्य** |
| सिंचाई प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा बृद्धि गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ परम्परागत सिंचाई संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाई स्रोतको पहिचान गर्नु ।<br>✓ कृषियोग्य जमिनमा सिंचाईको पहुँच बृद्धि गर्न दिगो सिंचाई प्रणालीको विकास तथा व्यवस्थापन गर्नु । |

### ५.२.४ रणनीति

१. परम्परागत सिँचाई संरचना सुधार गरी खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिँचाई पहुँच बढाउने।

२. आधारभूत सिँचाई नपुगेका कृषि जन्य क्षेत्रमा वैकल्पिक स्रोत व्यवस्थापन गरी सिँचाई पहुँच विस्तार गर्ने।

३. खेती योग्य जमिनमा सिँचाई पहुँच नपुगेको वा अपर्याप्त क्षेत्रलाई प्राथमिकतामा राखेर सिँचाई सुविधा वृद्धि गर्ने।

४. दिगो सिँचाई प्रणाली विकास र व्यवस्थापन गर्ने।

### ५.२.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| कुल खेतियोग्य भूमिमध्ये वर्षौभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिशत | १० | १३ | १५ | २० | २५ |
| सुचारू सिंचाई पूर्वाधार | संख्या | २० | २२ | २५ | २८ | ३१ |

### ५.२.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिँचाई उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ३३५० | ० | ३३५० | १५५० | ८०० | १००० |
| २०८३/८४ | ३४२६ | ० | ३४२६ | १५८५ | ८१८ | १०२३ |
| २०८४/८५ | ३५७८ | ० | ३५७८ | १६५६ | ८५५ | १०६८ |

### ५.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बिभिन्न साना सिंचाइ निर्माण तथा मर्मत योजना | कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार र मर्मत गरी उत्पादन बढाउनु। | ०८२/०८३ देखी ०८३/०८४ | ३३५० | किसानलाई नियमित सिँचाइ सुविधा उपलब्ध भई उत्पादनशीलता बढ्नेछ। |

### ५.२.८ जोखिम पक्ष तथा अनुमान

कृषियोग्य भूमिमा सिँचाई सुविधा विस्तार, जलाधार संरक्षण, बहुउपयोगी जलाशय निर्माण र समानुपातिक सिँचाई प्रणाली सञ्चालन हुनेछ। प्राथमिकतामा नपरे योजना अधुरो रहँदा भूमि बाँझो र स्रोत संरक्षणमा समस्या आउनेछ।

## ५.३ सडक तथा यातायात

### ५.३.१ पृष्ठभूमि

सडक तथा यातायात पूर्वाधार विकासको महत्वपूर्ण सूचक हो भने कैलाश गाउँपालिकामा कच्ची सडक पुगे पनि संरचनागत अवस्था कमजोर रहेको छ। वर्षायाममा बाढी पहिरोका कारण ग्रामिण सडक अवरुद्ध हुने समस्या रहेको छ। यातायातले शिक्षा, स्वास्थ्य, रोजगारी, आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने भएकाले सडक तथा यातायात गुरुयोजना बमोजिम सञ्जालको विस्तार गर्न आवश्यक देखिएको छ।

### ५.३.२ समस्या तथा चुनौती

वर्षैभरि सञ्चालन हुने सडकको स्तरोन्नतिको आवश्यकता, पर्याप्त पुल नहुनु र भएका पुलहरूको स्तरोन्नति, सडकमा ढल तथा नालीको अभाव, र पूर्वाधारहरूबीच अन्तरसम्बन्धको कमी जस्ता समस्या र चुनौतीहरू यस गाउँपालिकामा विद्यमान रहेका छन्।

### ५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

सडक सञ्जाल तथा यातायात पूर्वाधार, कैलाशको आर्थिक समृद्धिको आधार

**लक्ष्य**

दिगो पूर्वाधार विकास मार्फत नागरिकको सहज पहुँच हुने ।

**उद्देश्यहरू**

- ✓ सडक पूर्वाधारहरुको निर्माण तथा स्तरउन्नति गरी मानिसहरुको जीवन सहज र सरल बनाउनु ।
- ✓ यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।

### ५.३.४ रणनीति

- ✓ निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार र मर्मतका लागि कोषको व्यवस्था गर्ने।
- ✓ रणनीतिक सडकहरू सञ्चालन गरी आर्थिक-सामाजिक गतिविधिलाई सशक्त बनाउने।
- ✓ वातावरणमैत्री र भरपर्दो सडक विकासका लागि उपयुक्त प्रविधि अपनाउने।
- ✓ बस्ती र पर्यटकीय स्थलहरू जोड्ने सडक तथा पदमार्ग विस्तार गर्ने।
- ✓ सडक क्षेत्राधिकारभित्र संरचना निर्माण कार्यलाई निरुत्साहित गर्ने र निजी जग्गाको अभिलेख तयार गर्ने।

### ५.३.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| कंक्रिट सडक | कि.मि. | १.४९ | ०.२६ | २ | ३ | ३ |
| कालोपत्रे सडक | कि.मि. | ० | ० | ० | २ | ५ |
| ग्राभेल सडक | कि.मि. | ३.०९ | ०.५५ | २ | ५.५ | ६ |
| धुलो सडक | कि.मि. | ९.८३ | १०.६८ | ८ | ८ | १० |

| कुल सडकको लम्बाई | कि.मि. | १४.४१ | ११.४९ | १२ | १८.५ | २४ |
|---|---|---|---|---|---|---|

## ५.३.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक तथा यातायात उप-क्षेत्रको खर्च र सोकोध श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ८९२७६ | ० | ८९२७६ | ६१६२६ | २१६५० | ६००० |
| २०८३/८४ | ९१२९४ | 0 | ९१२९४ | ६३०१९ | २२१३९ | ६१३६ |
| २०८४/८५ | ९५३६५ | ० | ९५३६५ | ६५८२९ | २३१२७ | ६४०९ |

## ५.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | गाउँपालिकाको गौरवको योजना तथा म्याचिङ फण्ड | स्थानीय प्राथमिकता अनुसार महत्वपूर्ण परियोजना सञ्चालन गरी विकासमा दिगोपन ल्याउनु। | ०८२/०८३ देखी ०८३/०८४ | ५८१२६ | समुदायमा प्रभावकारी र साझा लगानीबाट दीगो विकासको उपलब्धि हासिल हुनेछ। |
| २. | नयाँ ट्राक ओपन तथा सडक विस्तार | दुर्गम बस्तीहरूमा यातायात पहुँच सुधार गरी आर्थिक तथा सामाजिक गतिविधि सहज बनाउन गर्नु। | ०८२/०८३ देखी ०८३/०८४ | १७१५० | ग्रामीण क्षेत्रमा आवागमन र सेवा पहुँच सहज र तीव्र हुनेछ। |
| ३. | सडक मर्मत तथा सरसफाई | सडकको नियमित मर्मत र सफाइ गरी सुरक्षित र व्यवस्थित आवागमन सुनिश्चित गर्नु। | ०८२/०८३ देखी ०८३/०८४ | १४००० | सडकहरू सफा र सुगम भई आवागमन सहज तथा सुरक्षित हुनेछ। |

### ५.३.८ जोखिम पक्ष तथा अनुमान

सडक पूर्वाधार विकासमा पर्याप्त बजेटको अभाव हुँदा निर्माण तथा मर्मत कार्य प्रभावित हुने जोखिम रहन्छ । पहाडी भूपरिवेशका कारण बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपले सडक सञ्जालमा क्षति पुऱ्याउने सम्भावना पनि उच्च रहेको छ । वातावरणमैत्री प्रविधिको अभावमा निर्माण गरिएका सडकहरू दीर्घकालीन रूपमा टिकाउ नहुन सक्ने जोखिम हुन्छ भने सडक क्षेत्राधिकारको स्पष्ट अभिलेख नहुँदा अतिक्रमण तथा संरचना व्यवस्थापनमा समस्या उत्पन्न हुने सम्भावना रहन्छ । साथै, बहुसरोकारवाला निकायबीच समन्वयको कमीले योजना कार्यान्वयनमा ढिलाइ हुने अनुमान गरिएको छ ।

## ५.४ आवास, भवन तथा वस्ती विकास

### ५.४.१ पृष्ठभूमी

मानव जीवनको आधारभूत आवश्यकताहरु मध्ये आवास पनि एक हो । नेपालको संविधानले पनि सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । हाल गाउँपालिकामा गाउँपालिकाको प्रशासकिय भवन र सबै वडा कार्यालयहरु, प्रहरी चौकी, स्वास्थ्य संस्था लगायतका २६ वटा सरकारी भवनहरु संचालनमा रहेका छन् । यसका साथै विद्यालयहरुका आ आफ्ना भौतिक संरचनाहरु संचालनमा रहेका छन् । तथापि कपिपय सरकारी संरचनाहरु स्तरोन्नति, मर्मत सम्भार र अपाङ्गमैत्री गर्नुपर्ने जरुरी रहेको छ ।

### ५.४.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा RMTMP कार्यान्वयन नहुनु, सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको अभाव हुनु, सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका लागि ठोस नीतिको आवश्यकता हुनु, एकीकृत बस्तीको अवधारणा कार्यान्वयन नहुनु, साथै आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला र सामुदायिक भवन निर्माणका लागि पर्याप्त बजेट अभाव रहनु प्रमुख समस्या र चुनौतीका रूपमा रहेका छन्।

### ५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| दिगो विकासका लागि सुरक्षित आवास तथा पहिचानयुक्त शहर तथा बस्ती विकास |
| **लक्ष्य** |
| सुरक्षित, सुलभ र वातावरणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ एकीकृत आवास तथा वस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु । |

✓ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय बास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरु निर्माण गर्नु ।

### ५.४.४ रणनीति

१. एकीकृत बस्ती निर्माण गर्ने ।

२. घनाबस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने ।

३. भूउपयोग नीति कार्यान्वयन गर्ने ।

४. भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने ।

### ५.४.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| मापदण्ड र भुकम्प प्रतिरोधी प्रविधि अनुसार बनेको आवसीय भवन | संख्या | १९ | १३ | १० | ८ | १३ |
| खरको छाना भएको घरपरिवार | प्रतिशत | ६.६ | ५ | ३ | १ | ० |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्था | संख्या | २ | ३ | ३ | ५ | ७ |

### ५.४.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारम आवास, भवन तथा बस्ती विकास उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | २३०५० | ० | २३०५० | २५०० | १२४५० | ८१०० |
| २०८३/८४ | २३५७१ | ० | २३५७१ | २५५७ | १२७३१ | ८२८३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०८४/८५ | २४६२२ | ० | २४६२२ | २६७१ | १३२९९ | ८५६२ |

### ५.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | विभिन्न सामुदायिक भवन/वाल/प्रतिक्षालय निर्माण | समुदायका लागि आवश्यक भवन, पर्खाल र प्रतीक्षालय निर्माण गरी पूर्वाधार सुदृढ गर्नु। | ०८२/०८३ देखी ०८३/०८४ | १७७०० | स्थानीयवासीले सुरक्षित र व्यवस्थित सामुदायिक सुविधा उपयोग गर्नेछन्। |
| २. | शौचालय निर्माण | सुरक्षित र स्वच्छ सरसफाइ प्रवर्द्धन गर्न घरघरमा शौचालय निर्माण गर्नु। | ०८२/०८३ देखी ०८३/०८४ | १३०० | समुदायमा स्वच्छता र स्वास्थ्यस्तरमा सुधार आउनेछ। |
| ३. | विभिन्न सामुदायिक भवन तथा स्थल मर्मत सम्भार | विद्यमान सामुदायिक भवन तथा स्थलको मर्मत सम्भार गरी दिगोपन र उपयोगिता बढाउनु। | ०८२/०८३ देखी ०८३/०८४ | ४०५० | स्थानीयवासीले सुरक्षित र स्तरोन्नत सामुदायिक सुविधा उपयोग गर्नेछन्। |

### ५.४.८ जोखिम पक्ष तथा अनुमान

अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्न दीर्घकालीन योजना निर्माण गर्न नसकिएमा संविधान प्रदत्त सुरक्षित आवासको हक तथा दिगो विकासको लक्ष्य कार्यान्वयन दुवै जोखिममा पर्ने सम्भावना रहन्छ ।

## ५.५ सूचना तथा सञ्चार

### ५.५.१ पृष्ठभूमी

एक्काईसौं शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ । नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । गाउँपालिकाका सबै वडा, स्वास्थ्य चैकीहरूमा इन्टरनेट सेवा उपलब्ध हुनुका साथै नेपाल टेलिकम तथा एनसेलले मोबाइल फोन सेवा प्रदान गरेका छन् । त्यसैगरी गाउँपालिकामा विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरूले इन्टरनेट सेवा प्रदान गर्दै आएको भए तापनि इन्टरनेट प्रविधिको अवस्था कमजोर रहेकोले विस्तार र गुणस्तर सुधार गर्नु जरुरी छ ।

### ५.५.२ समस्या तथा चुनौती

गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवामा सबै नागरिकको पहुँच वृद्धि गर्नु, साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, सञ्चारका विभिन्न माध्यमको समयसापेक्ष विस्तार, अनुगमन र नियमन गर्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत विद्यमान रहेका छन् ।

### ५.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

सूचना तथा सञ्चारको गुणस्तरीय सेवाहरुमा सबै वर्गको पहुँच

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्यहरू**

- ✓ आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरु सबै नागरिकहरु पहुँचमा पुर्‍याउनु ।
- ✓ सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

### ५.५.४ रणनीति

१. समग्र प्रविधिको विकासको लागि डिजिटलाईजेसन मार्फत सामाजिक आर्थिक र शासकिय व्यवस्थामा सुधार गर्ने ।

२. सूचना तथा संचार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने ।

३. सम्पूर्ण नागरिकहरुको पहुँच र संचार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने ।

### ५.५.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सूचना प्रणाली | संख्या | २ (नेपाल सरकारबाट प्रदान गरिएको बाहेक) | ४ | ५ | ५ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| इन्टर्नेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | संख्या | १६ | १६ | १७ | २० | २५ |

### ५.५.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा संचार उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | १३०० | १३०० | ० | ० | १३०० | ० |
| २०८३/८४ | १३२९ | १३२९ | ० | ० | १३२९ | ० |
| २०८४/८५ | १३८९ | १३८९ | ० | ० | १३८९ | ० |

### ५.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ईगोभर्नेस तथा इन्टर्नेट व्यवस्थापन | कार्यालयलाई आवश्यक सफ्टवेयर खरिद तथा इनटर्नेट महसुल तिर्नु | ०८२/०८३ देखी ०८३/०८४ | १३०० | कार्यालयको काम अनलाइन माध्यामबाट हुनेछ। |

### ५.५.८ जोखिम पक्ष तथा अनुमान

सार्वजनिक र निजी सेवा प्रदायकबीच सहकार्य गर्दै लक्षित वर्गमा सञ्चार सेवा विस्तार, वेभसाइट नियमित अद्यावधिक, सूचना प्रकाशन/प्रशारणको गुणस्तर सुधार र क्षमता अभिवृद्धि जस्ता कार्य सम्पन्न भएमा अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ। तर आयोजना तथा कार्यक्रमलाई प्राथमिकता नदिँदा र स्रोतसाधनको उचित विनियोजन नभएमा सो उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

# परिच्छेद - ६: वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वातावरण तथा विपद् व्यवस्थापन

### ६.१.१ पृष्ठभूमी

कैलाश गाउँपालिका प्राकृतिक प्रकोपका दृष्टिले संवेदनशील रहेको छ। बाढी, पहिरो, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, खडेरी र डढेंलो जस्ता विपद् बारम्बार देखापर्ने गरेका छन्। भौगोलिक बनावट, भिरालोपन, कमजोर चट्टान, जलवायु तथा मानवीय क्रियाकलापका कारण जोखिम उच्च छ। यस्ता प्रकोपलाई पूर्ण नियन्त्रण गर्न नसकिए पनि प्रभाव न्यूनीकरणका उपाय अवलम्बन गरी जनधनको क्षति घटाउन सकिन्छ। त्यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ।

### ६.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा जलवायु परिवर्तनजन्य प्रकोप न्यूनीकरण, नदी कटान र भू—क्षय नियन्त्रण, पर्यावरणमैत्री विकास संरचना, विषादी तथा किटनाशक प्रयोगबारे सचेतना, र व्यवस्थित मानव बस्ती विकास जस्ता चुनौतीहरू विद्यमान छन्। प्राकृतिक जोखिम न्यूनीकरणका लागि जोखिमयुक्त क्षेत्रको नक्सांकन, सुरक्षित स्थानमा बस्ती स्थानान्तरण, जलवायु अनुकूलन उपाय, संक्रमण तथा महामारी व्यवस्थापन, र तीनै तहका सरकारबीच समन्वय आवश्यक छ। साथै, विपद् पूर्व—सूचना प्रणाली, पूर्व तयारी, राहत, उद्धार र पुनःस्थापना कोष जस्ता कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन नगरे अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ।

### ६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सुरक्षित जीवनका लागि वातावरणमैत्री विकास, विपद् न्यूनीकरण तथा व्यवस्थापन |
| **लक्ष्य** |
| कैलाश क्षेत्रका वनको तथा जैविक विविधताको संरक्षण तथा विपदवाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु । <br> ✓ जोखिम न्युनीकरणका लागि सम्भाव्य ठाउँहरुको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु । |

### ६.१.४ रणनीति

१. समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने ।
२. सरोकारवालाहरुको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरुलाई प्रभावकारी रुपले संचालन गर्ने ।

३. विपद् व्यवस्थापन सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी कार्यक्रमहरु संचालन गर्ने ।

### ६.१.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| विपद्बाट भएको मानवीय क्षति (घाइते समेत) | संख्या | १० | १० | ४० | ३५ | ३० |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ४० | ४० | ४० | ४५ | ५० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, वाली, संरचना, पशु र अन्य) | रु. हजार | १३०० | १५३१ | २५०० | २३०० | २००० |

### ६.१.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा विपद् व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ४३०० | ० | ४३०० | ० | ४००० | ३०० |
| २०८३/८४ | ४३९७ | ० | ४३७९ | ० | ४०९० | ३०७ |
| २०८४/८५ | ४५९३ | ० | ४५९३ | ० | ४२७३ | ३२० |

### ६.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वातावरण तथा विपद् व्यवस्थापन | प्राकृतिक वातावरण संरक्षण गर्दै विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन क्षमता विकास गर्नु। | सालबसाली | ४००० | समुदाय विपद् प्रतिरोधात्मक र वातावरणमैत्री बन्नेछ। |
| २ | जोइटी तल्लो ताल मनहरी खोला तटबन्धन | बाढी जोखिम न्यूनीकरण गरी स्थानीय जीवन र कृषि सुरक्षित गर्नु। | ०८२/०८३ देखी ०८३/०८४ | ३०० | तटबन्धन निर्माण पूरा भई जोइटी तल्लो ताल र मनहरी खोला वरिपरि सुरक्षा सुनिश्चित हुनु। |

### ६.१.८ जोखिम पक्ष तथा अनुमान

निजी वन प्रवर्द्धनलाई प्रोत्साहन, हरित क्षेत्र विस्तारका लागि बोटविरुवाको बेर्ना वितरण, नदीजन्य कटान रोक्नका लागि तारजालीको व्यवस्थापन, बायो इजिनियरिङ्ग विधि अवलम्बन जस्ता कार्य गर्न सकिएको खण्डमा वन तथा भू-संरक्षण गर्न सकिन्छ । पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ ।

# परिच्छेद - ७: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

## ७.१ सुशासन तथा सेवा प्रवाह

### ७.१.१ पृष्ठभूमि

हाल कैलाश गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी सबै आफ्नै भवनहरूमा सञ्चालनमा रहेको छ जस्मध्ये वडा नं. ९ को कार्यालय जिर्ण अवस्थामा छ। गाउँपालिकाको कार्यलाई व्वयस्थित रूपमा सञ्चालन र सेवा प्रवाहलाई सहजिकरण र प्रभावकारी बनाउन बिभिन्न सफ्टवेयर प्रणालीहरू प्रयोग गरिरहेको छ। कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्य प्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ ।

### ७.१.२ समस्या तथा चुनौती

संस्थागत संरचना, मावन श्रोत, योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूलयाङ्कन पद्धति अवैज्ञानिक र पराम्परागत देखिन्छ। गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुन सकेको छैन। जनशक्तीको परिचालन तथा गाउँपालिकाको सेवा र सुविधा गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी हुन सकेको छैन।

### ७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| जवाफदेहि, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरुमा सबै वर्गको पहुँच |
| **लक्ष्य** |
| गाउँपालिकाको शासन प्रणाली, समावेशी, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउने । |
| **उद्देश्यहरु** |
| ✓ सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रवाहकारी बनाउनु ।<br>✓ सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्रि जनशक्तिको विकास गर्नु । |

### ७.१.४ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित बनाउने।
२. शासन प्रणाली संचालन सम्बन्धि नीति, कानुन मापदण्ड र कार्य विधिको तर्जुमा गर्ने ।
३. गाउँपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिमाणमुखी बनाउने ।
४. अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाउने ।
५. सार्वजनिक आय व्यय र खरिद प्रकियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने ।

### ७.१.५ नतिजा सूचना तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| पालिकामा कार्यरत प्राविधिक जनशक्ती | संख्या | ३ | ६ | १० | १५ | १५ |
| वडा र पालिका तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्तास | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |

### ७.१.६ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवार्षिक अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सुशासन तथा सेवा प्रवाह उप-क्षेत्रको खर्च र सोको श्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | बजेटको श्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ४५५० | २३५० | २२०० | ० | १२०० | ३३५० |
| २०८३/८४ | ४६५३ | २४०३ | २२५० | ० | १२२७ | ३४२६ |
| २०८४/८५ | ४८६० | २५१० | २३५० | ० | १२८२ | ३५७८ |

### ७.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संशधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ४५५० | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ। |

### ७.१.८ जोखिम पक्ष तथा अनुमान

समावेशी विकास, लक्षित वर्गमा परिवर्तनको अनुभूति र समाजमा शान्ति सद्भाव कायम गर्न सुशासन अपरिहार्य छ। तर नैतिक मूल्यको स्खलन, भ्रष्टाचार, अपारदर्शिता, दण्डहीनता र जनगुनासो सम्बोधन संयन्त्रको अभावले सार्वजनिक प्रशासन कमजोर बनाउँदै समाजमा असमानता गहिरो बनाउने जोखिम रहन्छ।

*स्रोत :* *** गाउँपालिकाको आवधिक योजना, २०७८, राष्ट्रिय जनगणना २०७८